मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
✆ 9808835198
✆ 9802592799
✆ 9803474311
✆ 9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

कृषि क्षेत्रको समस्या समाधान गर्न सरकार तत्पर छः कृषि मन्त्री परियार

समाचार पृठ ५ मा



● वर्ष ४ ● अंक ३४ ● २०८२ साल पौष ०१ गते मंगलबार ● Tuesday 16, December 2025 ● सूर्योदय: बिहान ०६:४७ बजे ● सूर्यास्त: साँझ ५:१४ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## मधेश सरकारमा मन्त्रिपरिषद् विस्तार
## दुई मन्त्रीको शपथ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले मन्त्रिपरिषद् विस्तार गरेका छन् । मुख्यमन्त्री यादवको सिफारिसमा सोमबार मन्त्रीमा नियुक्त दुई मन्त्रीलाई प्रदेश प्रमुख डा. सुरेन्द्र लाभले पद तथा गोपनीयताको शपथ गराएसँगै दोस्रो पटक मन्त्रिपरिषद विस्तार भएको हो । सोमबार साँझ लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालकी रानी शर्मा तिवारीले शिक्षा तथा संस्कृति र नेकपा माओवादी केन्द्रका जवाहरलाल कुशवाहाले ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रीको रूपमा शपथ ग्रहण गरेका छन् । यस्तै, बिनाविभागीय मन्त्रीका रूपमा रहेका कांग्रेसका जंगीलाल रायलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र नेकपा एकीकृत समाजवादीबाट मन्त्री बनेका कनिष पटेललाई उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको जिम्मेवारी दिइएको छ । मुख्यमन्त्रीले दोस्रोपटक मन्त्रिपरिषद विस्तार गर्दा मधेशको मन्त्रिमण्डल ६ सदस्यीय बनेको हो ।

मुख्यमन्त्री यादवले दोस्रोपटक मन्त्रीपरिषद विस्तार गरे पनि सत्ता गठबन्धनको महत्वपूर्ण घटक दल जसपा नेपाल भने अझै सरकारमा सहभागी भएको छैन । श्रोतका अनुसार मन्त्रालयको भागबण्डा तथा मन्त्रालयको संख्याको विषयमा दलहरुबीच अझै समझदारी बन्न नसकेकाले जसपा नेपाल दोस्रो पटक मन्त्रीपरिषद विस्तार हुँदासमेत सरकारमा सहभागी नभएको हो ।

**मुख्यमन्त्रीसँग ६ मन्त्रालय**

दलहरुबीच मन्त्रालयको संख्याका विषयमा असमझदारी रहेकाले जसपा नेपाल सरकारमा सहभागी भएको छैन । मुख्यमन्त्री यादवले सत्तागठबन्धनबाट माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी पार्टी र माओवादी केन्द्रलाई सामेल गरिसकेका छन् । तर दोस्रोपटक मन्त्रिपरिषद विस्तार हुँदासमेत मुख्यमन्त्रीसँग ६ महत्वपूर्ण मन्त्रालय छ । भौतिक पूर्वाधार तथा विकास मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, खेलकूद तथा समाज कल्याण मन्त्रालय, गृह सञ्चार तथा कानून मन्त्रालय, वन तथा वातावरण मन्त्रालय र श्रम तथा यातायात मन्त्रालय मुख्यमन्त्रीसँगै छ ।

**पुस ४ गते विश्वासको मत**

मुख्यमन्त्री कृष्णप्रसाद यादवले पुस ४ गते विश्वासको मत लिने भएका छन् । मङ्सिर १९ गते ७ दलको समर्थनमा नेपाली कांग्रेस संसदीय दलका नेता यादव मुख्यमन्त्री नियुक्त भएका थिए । उनले मङ्सिर २१ गते प्रदेश प्रमुखबाट पद तथा गोपनीयताको शपथ लिएका थिए । उनले तीन दलबाट तीन जना मन्त्रीसमेत नियुक्त गरेका थिए । जनमतबाट संसदीय दलका नेता महेशप्रसाद यादवलाई अर्थमन्त्री बनाएका थिए । काङ्ग्रेसबाट जङ्गीलाल राय यादव र नेकपा एकीकृत समाजवादीबाट कनिष पटेल विनाविभागीय मन्त्री भएका थिए ।

## मधेशको शिक्षा र स्वास्थ्यमा सुधारका लागि काम गर्ने प्रतिवद्धता



मधेश सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा जंगीलाल राय र शिक्षा तथा संस्कृति मन्त्रालयमा रानी शर्मा तिवारी नियुक्त भएका छन् । सोमबार नियुक्त भएका मन्त्रीद्वयले मधेशको स्वास्थ्य तथा शिक्षा क्षेत्रमा धेरै काम गर्न आवश्यक रहेकाले काम गर्ने प्रतिवद्धता व्यक्त गरे ।

स्वास्थ्य मन्त्रीका रुपमा पदभार ग्रहण गर्दै मन्त्री रायले मधेशको स्वास्थ्य क्षेत्रमा सुधार गर्न पहिलो दिनदेखि नै स्वास्थ्य संस्थाको सुधारका लागि अनुगमन गरिने बताए । उनले पदभार ग्रहण गरेलगत्तै मधेशको आठै जिल्लामा रहेका प्रादेशिक अस्पतालको भौतिक संरचनामा सुधारमा ध्यान पुर्याइने बताए । त्यस्तै स्वास्थ्य संस्थाबाट जनतामा हुने सेवा प्रवाहलाई समेत ध्यानमा राखेर अनुगमन गरिने बताए ।

यता, शिक्षामन्त्रीको रुपमा जिम्मेवारी सम्हालेकी मन्त्री तिवारीले पहिलो लक्ष्य मधेशको ८ वटै जिल्लालाई साक्षर जिल्लाका रुपमा स्थापित गर्ने रहेको बताइन् । उनले मधेशको कुनै पनि जिल्ला साक्षर नरहेकाले चुनौतीको विषय रहेको बताइन् । यसअघि पनि शिक्षा मन्त्री हुँदा यसै दिशामा काम गर्न लागिपरेको बताइन् ।

## सभामुख चयन गर्न पुस २ गते प्रदेशसभा बैठक



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सभामा रिक्त सभामुख पदपूर्तिका लागि प्रक्रिया अगाडि बढाउन प्रदेशसभा बैठक डाकिएको छ । प्रदेशसभा सचिवालयले सभामुख चयन प्रकृया अगाडि बढाउन पुस २ गते दिउँसो १ बजे बैठक आह्वान गरेको हो । प्रदेशसभा सचिव बासुप्रसाद कोइरालाका अनुसार बैठकमा सभामुख निर्वाचनसम्बन्धी प्रस्ताव अनुमोदन गरिनेछ । प्रस्ताव पारित भएपछि निर्वाचन कार्यतालिका सार्वजनिक गरिने र सभामुख चयनको औपचारिक प्रक्रिया शुरु हुनेछ ।

जनता समाजवादी पार्टी (जसपा) नेपालका प्रमुख सचेतक रामअशिष यादवले सभामुख निर्वाचनकै प्रयोजनका लागि बैठक बोलाइएको बताए ।

मंसिर ३ गते तत्कालीन सभामुख रामचन्द्र मण्डललाई पदअनुकूल आचरण नगरेको ठहर गर्दै प्रदेशसभाले दुई तिहाइ बहुमतबाट पदमुक्त गरेको थियो । त्यसयता सभामुख पद रिक्त छ ।

अहिले मधेश प्रदेश सरकारमा सात दल सहभागी छन् । सत्तारूढ गठबन्धनअनुसार नेपाली कांग्रेसले मुख्यमन्त्रीको नेतृत्व सम्हालेको छ भने दोस्रो ठूलो दल जसपा नेपालले सभामुख पदमा आफ्नो दाबी प्रस्तुत गर्दै आइरहेको छ ।

## गहवामाई मन्दिर परिसरको पुनः सौन्दर्यीकरण तथा व्यवस्थापन कार्य शुरु

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको धार्मिक तथा ऐतिहासिक महत्व बोकेको गहवामाई मन्दिर परिसरको पुनः सौन्दर्यीकरण तथा व्यवस्थापन कार्य शुरु भएको छ ।



भदौ २४ गते भएको जेन्जी आन्दोलनक्रममा मन्दिर परिसरमा लगाइएको छेकबार तोडफोड भएपछि यो क्षेत्र अस्तव्यस्त बनेको थियो । तोडफोडका कारण सुरक्षा, सौन्दर्य र आवागमनमा समस्या देखिएपछि वीरगंज महानगरपालिकाले स्थानीय तथा भक्तजनको मागअनुसार पुनः व्यवस्थापनको काम अघि बढाएको हो ।

महानगरपालिकाका प्रमुख राजेशमान सिंहको निर्देशनमा सोमबार बिहानैबाट काम शुरु गरिएको छ । गहवामाई मन्दिर वीरगंजको प्रमुख धार्मिक आस्थाको केन्द्र भएकाले यसको संरक्षण, सुरक्षा र सौन्दर्य कायम राख्नु आवश्यक रहेको महानगरको भनाइ छ । सौन्दर्यीकरण कार्यले मन्दिर क्षेत्रको धार्मिक महत्त्व जोगाउनुका साथै श्रद्धालुलाई सहज र सुरक्षित वातावरण प्रदान गर्ने विश्वास गरिएको छ ।

## प्रदेश सरकारको बेवास्ताले लोकसेवा आयोगको काम प्रभावित



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रदेश सरकारको बेवास्ताका कारण मधेश प्रदेश लोकसेवा आयोगको कामकारबाही प्रभावित हुँदै आएको आयोगका अध्यक्ष शिवराम यादवले आरोप लगाएका छन् । आवश्यक कर्मचारीको माग फाराम समयमै नआउँदा आयोगले तोकिएको कार्यतालिकाअनुसार काम गर्न कठिनाइ भोग्नु परेको उनको भनाइ छ ।

सोमबार जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष यादवले प्रदेश सरकारअन्तर्गतका मन्त्रालयहरूलाई पटक–पटक आवश्यक दरबन्दीको माग फाराम पठाउन आग्रह गरिए पनि बेवास्ता हुँदै आएको बताए । आयोगले आफ्नो वार्षिक कार्यतालिका सार्वजनिक गरिसकेको र त्यसअनुसार प्रत्येक मन्त्रालय तथा मातहत निकायमा विज्ञापन गर्नुपर्ने पदहरूको सूची समेत प्रकाशन गरिसकेको उनले जानकारी दिए ।

यादवका अनुसार गएको साउन २ गते नै स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई कार्यतालिकाअनुसार आवश्यक दरबन्दीको माग फाराम पठाई सहजीकरण गरिदिन औपचारिक पत्राचार गरिएको थियो । तर, त्यसको हालसम्म कुनै प्रतिक्रिया नआएको उनले गुनासो गरे ।

स्वास्थ्य क्षेत्रमा तीन वर्षदेखि विज्ञापन नगरेको भन्ने आरोपबारे प्रष्ट पार्दै अध्यक्ष यादवले कानूनी बाध्यताका कारण विज्ञापन गर्न नसकिएको बताए । प्राविधिक र कार्यालय सहयोगी बाहेकका स्थायी पदमा करार वा अस्थायी नियुक्ति गर्न कानूनले रोक लगाएको र निजामती ऐन आए पनि आवश्यक नियमावली नआएकाले विज्ञापन प्रक्रिया अघि बढाउन नसकिएको उनले स्पष्ट पारे । यसका लागि सरकार नै जिम्मेवार रहेको उनको भनाइ छ ।

यसैबीच, विभिन्न प्रदेशका लोकसेवा आयोगसम्बन्धी कानूनलाई आधार मानी स्थानीय तहबाट प्राप्त मागअनुसार आयोगले मंगलबार १ सय ७५ वटा पदपूर्तिका लागि विज्ञापन आह्वान गर्ने तयारी गरेको यादवले जानकारी दिए ।

उनका अनुसार प्रदेशका १ सय ३६ वटै स्थानीय तहमा पत्राचार गर्दा ६२ वटा पालिकाबाट मात्र माग प्राप्त भएको थियो । ती पालिकाबाट करिब १ हजार ६ सय कर्मचारीको माग आएको भए पनि ४ सय पद प्रक्रिया नपुगेकाले बाँकी १ हजार २ सयमध्ये सातौँ तहका १ सय ७५ पदका लागि विज्ञापन आह्वान गर्न लागिएको हो ।

## पूर्वमुख्यमन्त्री सिंहद्वारा सरकारी गाडीमा निजी नम्बर प्लेट प्रयोग

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका पूर्वमुख्यमन्त्री सतिशकुमार सिंहले सुविधामा लिएको सरकारी गाडीमा निजी नम्बर राखेर चढ्दै आएको पाइएको छ ।



मुख्यमन्त्री रहेकै बेला मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट उपलब्ध गराइएको ज१झ ४७० नम्बरको सरकारी स्कर्पियो फिर्ता नगरी ज१च ४७० को निजी नम्बर प्लेट राखेर प्रयोग गरिरहेको पाइएको हो ।

शनिबार सिंह ज१च ४७० नम्बरको स्कर्पियो चढेर राजनीतिक भेटघाटका लागि सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका–१ पाठशाला पुगेपछि यो विषय विवादमा तानिएको हो । सरकारी नम्बर परिवर्तन गरी निजी नम्बर राखेर पूर्व मुख्यमन्त्रीले प्रयोग गर्दै आइरहेको भनी सामाजिक सञ्जालमा निकै आलोचना भइरहेको छ । पूर्वमुख्यमन्त्री सिंहले आफूले नम्बर परिवर्तन गरेर सवारी चढिरहेको स्वीकार गरेका छन् । जेन्जी आन्दोलनका बेला सुरक्षा जोखिमका कारण सरकारी नम्बरमा निजी नम्बर लेख्न लगाउँदा पेन्टरको लापरबाहीका कारण यस्तो हुन गएको उनले बताए ।

# प्रधानाध्यापकविरूद्ध भ्रष्टाचारको मुद्दा दायर

**काठमाडौँ ।**
अख्तियार दुरूपयोग अनुसन्धान आयोगले धनुषाको विदेह नगरपालिका–२ दुहवीस्थित शङ्कर जनता माध्यमिक विद्यालयका प्रधानाध्यापक धनिकलाल ठाकुरविरूद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

आयोगले आर्थिक वर्ष २०७८–७९ मा आइसिटी ल्याब स्थापना तथा आर्थिक वर्ष २०७९–८० को राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत विद्यालयमा आइटी ल्याब स्थापना तथा डिजिटल लाइब्रेरी सुदृढिकरण कार्यक्रममा रकम हिनामिना गरेको दाबीसहित मुद्दा दायर गरेको हो । प्रधानाध्यापक ठाकुरसँगै तत्कालीन लेखापाल अरूणकुमार कुशियैतविरूद्ध जनही आठ लाख ६२ हजार १ सय ५२ रुपैयाँ बिगो रकमसहित विशेष अदालतमा मुद्दा दायर भएको अख्तियारले जनाएको छ । अख्तियारले सोमबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'आव २०७८–७९ को आइसिटी ल्याब व्यवस्थापनका लागि खरिद गरिएको ८७ हजार ५ सय रुपैयाँ बराबरको प्रोजेक्टर तथा आव २०७९–८० मा आइटी ल्याब व्यवस्थापनका लागि खरिद गरिएको एक करोड २४ लाख ६ सय ५२ रुपैयाँ बराबरको स्कस्ल सफ्टवयर र स्टान्ड हाल विद्यालयको अभिलेखमा नदेखिएको हुँदा सजायको माग दाबीसहित विशेष अदालत काठमाडौँमा आरोपपत्र दायर गरिएको छ ।'

ठाकुर र कुशियैतले आपसी मिलेमतो तथा योजनामा सरकारी सार्वजनिक सम्पत्ति हिनामिना, हानीनोक्सानी तथा दुरूपयोग गरेको हुँदा निजहरूको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर भएकाले प्रतिवादीलाई सजायको मागसहित आरोपपत्र दायर गरिएको आयोगले जनाएको छ ।



**उखु खेतमा आगलागीः** सर्लाहीको गोडैता नगरपालिका–४ रोहुवास्थित उखु खेतमा लागेको आगो । बारुण यन्त्र तथा स्थानीय बासिन्दाले आगो निभाउने काम गरे पनि ठूलो क्षेत्रफलमा आगो लागेका कारण क्षति भएको छ । तस्बिरः रासस

# विद्यालयको पोसाकबाट हिजाब र बुर्का हटाउन सुझाव

**मधेशदृष्टि**
**वीरगंज ।**
हिन्दू सम्राट नेपाल, पर्साले जिल्ला प्रशासन कार्यालय, पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहाललाई विद्यालयमा अध्ययनरत छात्रछात्राको पोशाक तथा धार्मिक गतिविधिबारे गम्भीर रूपमा ध्यानाकर्षण गराउँदै ज्ञापन पत्र बुझाएको छ । हिन्दू सम्राट नेपाल पर्सा जिल्ला कार्य समितिका अध्यक्ष विकास साहको नेतृत्वमा गएको टोलीले पत्र बुझाएको हो ।

**समान पोशाक माग**
विद्यालयमा अध्ययनरत छात्रछात्रा देशका कर्णधार भएकाले विद्यालयमा मुस्लिम छात्र र हिन्दू छात्रका लागि समान विद्यालय पोशाक हुनुपर्ने माग पत्रमा उल्लेख गरिएको छ ।



विद्यालयको पोशाक पहिरनमा समानता कायम गर्दा छात्रछात्राबीच विवादको स्थिति नहुने भन्दै, हिजाब वा बुर्का लगाउने अभिभावकले 'अविलम्ब बन्द' गर्नुपर्ने सुझाव दिइएको छ ।
उनीहरूले हिजाब वा बुर्का लगाउने मुस्लिम धर्मावलम्बी छात्राका लागि इस्लामिक विद्यालयमा गई अध्ययन गर्न सुझाव दिएका छन् ।

**क्रिसमस डेबारे ध्यानाकर्षण**
साथै, हिन्दू सम्राट नेपालले आउँदो 'डिसेम्बर २५ (क्रिसमस डे)' का दिन विद्यालयमा जबर्जस्त हिन्दू विद्यार्थीलाई 'सान्टा' नबनाइदिनसमेत ध्यान आकर्षण गराएको छ ।

# सहकारीको सहाराले व्यावसायिक बन्दै मुक्त कमैया महिला

**कञ्चनपुर ।**
शुक्लाफाँटा नगरपालिका–८ नौखरीस्थित मुक्त कमैयाँ बस्तीका महिलाका लागि सहकारी जीवन रूपान्तरणको आधार बनेको छ । मजदुरी नगरी परिवार पाल्न नसकिने अवस्थाबाट मुक्त कमैयाका महिलाहरू आत्मनिर्भरतातर्फ उन्मुख हुन थालेका छन् ।

नौखरी मुक्त कमैया बस्तीकी फुलमती चौधरीलाई विगतमा जस्तो बिहानै खाना बोकेर मजदुरी खोज्दै आजभोलि हिँड्नुपरेको छैन ।

गाउँका अगुवा महिलाले स्थापना गरेको नौखरी कृषि सहकारी संस्थामा आबद्ध भई ऋण लिएपछि उनि व्यावसायिक तरकारी खेतीमा संलग्न भएकी छन । पछिल्ला तीन वर्षदेखि तरकारीखेती गर्दै आएकी फूलमतीले वार्षिक रूपमा करिब तीन लाख रुपैयाँ आम्दानी गर्दै आएकी छन ।

'सहकारीमा आबद्ध भएपछि तरकारी खेतीबारे तालिम पाइयो', फूलमती चौधरीले भनिन, 'बीउविजन, मल्चिङ प्लास्टिक, विषादी, रासायनिक मल र कृषि औजार खरिदका लागि ऋण सहजै पाइयो, त्यसपछि खेती गर्न सजिलो भयो ।' उनका अनुसार विगतमा मजदुरी गरेर जीवन धान्न कठिन थियो तर अहिले १० कठ्ठा जग्गामा गरिएको तरकारी खेतीबाट आउने आम्दानीले सहज रूपमा परिवारको खर्च धान्न सकिएको छ ।

सहकारीका अर्का सदस्य सुनिता चौधरी मजदुरीको जीवनबाट मुक्त भएका छन । 'आफैँ मालिक, आफैँ कामदार भएर खेतबारीमा मिहिनेत गर्छौं', उनले भने, 'अब मजदुरी खोज्दै हिँड्नुपर्दैन, ज्याला पाइँदैन कि भन्ने डर पनि छैन, खेतमा गरेको परिश्रमअनुसार उत्पादन हुन्छ, बजारमा बेचिन्छ र जीवन सहज बनेको छ ।'

सहकारीले तरकारीखेती मात्रै होइन, पशुपालनतर्फ महिलालाई आकर्षित गरिरहेको छ ।

सहकारीबाट ५० हजार रुपैयाँ ऋण लिएर द्रोपती चौधरीले बङ्गुर पालन सुरु गरेका छन । हाल उनि तीन वटा माउ बङ्गुर पालन गर्दै आएका छन र वार्षिक रूपमा पाठा बिक्री गरेर दुई लाख रुपैयाँ भन्दा बढी आम्दानी गर्दै आएका छन ।

'सहकारीमा आबद्ध भएपछि मजदुरी गर्ने दिन अन्त्य हुन्छन् भनेर सोचेकै थिएन', उनले भने, 'सहकारीबाट ऋण लिएर बङ्गुर पाल्न थालेपछि पैसाका लागि विगतको जस्तो अरुसँग हात थाप्नुपरेको छैन, जीवनयापन गर्न निकै सहज भएको छ ।'

सहकारीका कार्यालय सचिव स्वस्तिमा चौधरीका अनुसार सहकारीबाट ऋण लिएर बङ्गुर पालनमा लागेका महिलाले वार्षिक रूपमा चार लाख रुपैयाँ देखि पाँच लाखसम्म आम्दानी गरिरहेका छन् । 'सहकारी गठन हुनुअघि यहाँका महिला मजदुरी गरेर जीविका चलाउँथे', उनले भनिन 'तर सहकारीमा आबद्ध भएपछि निरन्तर छलफल, बैठक र तालिमको प्रभावले उनिहरू व्यावसायिक कामतर्फ आकर्षित भएका छन् ।'

व्यावसायिक कार्यबाट मजदुरीभन्दा तेब्बर आम्दानी हुन थालेपछि महिला विभिन्न क्षेत्रमा संलग्न भएका छन् । हाल सहकारीमा आबद्ध महिलामध्ये २५ जना तरकारी खेतीमा, ५२ जना बङ्गुर पालनमा, २० जना कुखुरापालनमा, १० जना टेलरिङमा, दुई जना बुटिक सञ्चालनमा, पाँच जना ड्राइभिङमा र एक जना एसी मर्मत कार्यमा संलग्न रहेको सचिव चौधरीले जानकारी दिए ।

महिलालाई व्यावसायिक बनाउने उद्देश्यले सहकारीले सदस्यहरूलाई आवश्यकताका आधारमा पाँच हजार रुपैयाँ देखि ५० हजार रुपैयाँ सम्म ऋणका रूपमा रकम न्यून ब्याजमा लगानी गर्दै आएको सहकारीकी अध्यक्ष राजकुमारी चौधरीले बताईन । 'मुक्त कमैया महिला विकास मञ्च कैलालीसँग सहकार्य गरी अनुदानका कार्यक्रम सञ्चालन गरेका छौँ', उनले भने । अध्यक्ष चौधरीका अनुसार क्षमता अभिवृद्धि बङ्गुर, कुखुरापालन तथा तरकारीखेतीका लागि बीउविजन, सिँचाइ, प्लास्टिक टनेललगायत सामग्रीमा संस्थाले सहयोग पु¥याएको छ ।

सहकारीमार्फत ऋण, तालिम र निरन्तर सहकार्य पाएपछि मुक्त कमैयाँ बस्तीका महिलाहरूको जीवनस्तरमा उल्लेखनीय परिवर्तन आएको वडा सदस्य लालबहादुर महराले बताए । 'मजदुरीमा सीमित मुक्त कमैंया महिलाहरू पहिचान, किसान, व्यवसायी र उद्यमीका रूपमा स्थापित हुन थाल्नुभएको छ,' उनले भने, 'सहकारीको सक्रियताले मुक्त कमैयाँ महिलाहरूको आत्मविश्वास मात्र बढाएको छैन, स्वाभिमानी र आत्मनिर्भर जीवनतर्फ डो¥याउने माध्यम पनि बनेको छ ।'

सहकारी अनुगमन गर्न आइपुग्नु भएका सुदूरपश्चिम प्रदेशका पूर्व सदस्य महेशदत्त जोशीले सहकारीमा आवद्ध महिलाहरूको जीवन स्तरमा निकै परिवर्तनभएको पाइएको बताए ।

'मुक्त कमैयालाई पुनःस्थापन गर्दा उपलब्ध गराइएको पाँच कठ्ठा जग्गा प्रर्याप्त नभएकाले १५ कठ्ठा उपलब्ध गराइए व्यावसायिक खेती गरी जीवनस्तरमा परिवर्तन ल्याउन सकिन्छ', उनले भने, 'मुक्त कमैयालाई प्रदान गरिएको लालपूर्जा बैंकमा धितो राखेर कर्जा लिन पाउने व्यवस्था गरिए अझै उहाँहरूलाई व्यावसायिक कार्य गर्न सहज हुन्छ ।' चार वर्षअघि स्थापना गरिएको सहकारीमा २०० बढी मुक्त कमैया महिला आबद्ध रहेका छन् ।रासस

# एमालेको महाधिवेशनमा ८० वटा विद्युतीय भोटिङ मेसिन प्रयोग गरिने

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले आफ्नौ ११औँ राष्ट्रिय महाधिवेशनमा ८० वटा विद्युतीय भोटिङ मेसिन मतदानका लागि प्रयोग गर्ने भएको छ ।

महाधिवेशनमा १०० वटा मेसिन ल्याइएपनि ८० वटा मेसिन मतदानका लागि प्रयोग गरिने एमाले केन्द्रीय निर्वाचन आयोगका अध्यक्ष डा विजय सुब्बाले जानकारी दिए ।

उनकाअनुसार एक जना मतदातालाई मतदान गर्न कम्तीमा २५ देखि ३० मिनेट लाग्ने छ । महाधिवेशनमा दुई हजार २६३ प्रतिनिधि सहभागी छन् । रामलक्ष्मण इनोभेसन प्रालिका सञ्चालक लक्ष्मण रिमालले १० वटा नमूना अभ्यास र १० वटा अतिरिक्त मेसिन राखिएको बताए ।

सोमवार साँझ ८:३० बजेसम्म उम्मेद्वारको अन्तिम नामावली सार्वजनिक गरेका छन । एमाले पार्टीको नयाँ नेतृत्वका लागि भोलि पुस १ गते अपरान्ह १२ बजेदेखि बेलुका ६ बजेसम्म मतदानको समय तोकिएको छ ।रासस

# यस्ता छन् एनपिएलमा बनेका रोचक तथ्य र 'रेकर्ड'

**काठमाडौँ ।**
क्रिकेटको महाकुम्भका रूपमा रहेको नेपाल प्रिमियर लिग (एनपिएल)को दोस्रो संस्करण सम्पन्न भइसकेको छ । नेपाल क्रिकेट सङ्घ (क्यान) को आयोजनामा मङ्सिर १ गतेदेखि कीर्तिपुरस्थित त्रिवि अन्तरराष्ट्रिय क्रिकेट रङ्गशालामा सञ्चालित प्रतियोगिता शनिबार सम्पन्न भयो । प्रतियोगिता सम्पन्न भएसँगै विभिन्न 'रेकर्ड' बारे पनि चर्चा भइरहेका छन् ।

दोस्रो सिजनको उपाधि भिडन्तमा साविक उपविजेता सुदूरपश्चिम रोयल्स र लुम्बिनी लायन्सबीच प्रतिस्पर्धा भयो । फाइनलमा लायन्स छ विकेटले विजयी हुँदै च्याम्पियन भयो । रोयल्सले भने दोस्रोपटक पनि उपविजेतामै चित्त बुझायो ।

टस जितेर पहिला ब्याटिङ गरेको रोयल्स १९ दशमलव एक ओभरमा ८५ रनमा अलआउट भयो । जवाफमा लायन्सले नौ ओभरमा चार विकेटको क्षतिमा लक्ष्य पूरा गर्यो । पहिलो संस्करणको फाइनलमा पनि रोयल्स जनकपुर बोल्ट्ससँग पाँच विकेटले स्तब्ध भएको थियो ।

च्याम्पियन बनेसँगै लायन्सले ट्रफीसहित एक करोड १० लाख रुपैयाँ पुरस्कार पायो । रोयल्सले भने ५१ लाख रुपैयाँ मा चित्त बुझायो । यस्तै, प्रतियोगितामा तेस्रो भएको विराटनगर किङ्सले २५ लाख रुपैयाँ र चौथो स्थानमा पुगेको काठमाडौँ गोर्खाजले १५ लाख रुपैयाँ पुरस्कार पायो ।

लायन्सका कप्तान पौडेलले कार र मोटरसाइकल जिते
लुम्बिनीका कप्तान रोहितकुमार पौडेलले टोलीलाई च्याम्पियन बनाउनुका साथै उत्कृष्ट खेल्दै कार र मोटरसाइकल जितेका छन् । लुम्बिनीको सफलता रोहितको प्रदर्शन निर्णायक रह्यो । 'प्लेअर अफ दी टुर्नामेन्ट' हुँदै रोहितले कार पाए । उनी सिजनमा सर्वाधिक २७६ रनकर्ताको सूचीमा दोस्रो स्थानमा रहे । यो नेपालको तर्फबाट सर्वाधिक रन हो । विनोद भण्डारी २६४ रनसहित नेपालका लागि दोस्रो स्थानमा रहे । रोहितले बलिङतर्फ पनि १० विकेट लिए । उनी उत्कृष्ट ब्याटरसमेत हुँदै प्रतियोगिताको 'इमर्जिङ प्लेअर अफ दी टुर्नामेन्ट' हुँदै पल्सर बाइक पाए । यसका साथै प्रतियोगिताभर १७ विकेट लिँदै सर्वाधिक विकेटकर्ताको सूचीमा संयुक्त (विराटनगरका सन्दीप लामिछाने र सुदूरपश्चिमका अविनाश बोहोरा) शीर्ष स्थानमा रहे, तर कम 'इकोनोमी'का कारण सन्दीपले सर्वोत्कृष्ट बलर पुरस्कारसहित बाइक पाए । बोहरा 'रेडबुल प्लेअर अफ दी टुर्नामेन्ट' भए ।

प्रतियोगिताका सर्वोत्कृष्ट खेलाडी रुबेन ट्रम्पलमेन भए । उनले रु पाँच लाख पुरस्कार जिते । लुम्बिनीका तिलकराज भण्डारी 'इनर्जेटिक प्लेयर अफ द टुर्नामेन्ट' घोषित हुँदा लुम्बिनीकै शेर मल्लले 'इमर्जिङ' खेलाडी बन्दै बाइक हात पारे ।

गत वर्ष सुदूपश्चिमका कप्तान दीपेन्द्र सिंह ऐरीले कार जितेका थिए । मोटरसाइकल जनकपुरका ललित राजवंशीले हात पारेका थिए ।

**'ह्याट्रिक' गर्ने बलरमा रोहित र शाहब**
यो सिजनमा दुई बलरले मात्रै ह्याट्रिक गर्न सके । दुवै नेपाली बलर लुम्बिनी लायन्सका कप्तानसमेत रहेका रोहित पौडेल र काठमाडौँ गोर्खाजका शाहब आलम हुन् ।

**रोहितले फाइनलमा सुदूरपश्चिमविरुद्ध**
'ह्याट्रिक'सहित तीन विकेट लिएका थिए । यसअघि काठमाडौँ गोर्खाजका आलमले यो सिजनमा पहिलो 'ह्याट्रिक' गरेका थिए । पोखरा एभेन्जर्सविरूद्ध ह्याट्रिकसहित छ विकेट लिँदै उनले 'रेकर्ड' राखेका थिए । शाहब एकै खेलमा छ विकेट लिने पहिलो बलरसमेत बनेका थिए ।

यस सिजनमा चितवन राइनोजका रञ्जित कुमारले एकै खेलमा पाँच विकेट लिएका थिए । यस्तै, एकै खेलमा चार विकेट लिने खेलाडीमा भने सुदूरपश्चिमका कप्तान दीपेन्द्र सिंह ऐरी, सुदूरपश्चिमकै अविनाश बोहरा, विराटनगरका कप्तान सन्दीप लामिछाने, पोखरा एभेन्जर्सका विपीन खत्री, चितवन राइनोजका सोहेल तनभिर र पोखराका धनन्जय लक्षन रहे ।

एनपिएलमा ५०० रन कटाउने एकमात्रै खेलाडी रोहित
एनपिएलको दुई सिजन सम्पन्न हुँदा ५०० रन कटाउने एकमात्रै ब्याटर पनि रोहित पौडेल बनेका छन् । दुवै सिजनमा गरेर १७ खेलबाट उनले ५५५ रन बनाएका छन् । उनले ५०० रन कटाउने पहिलो नेपाली खेलाडीको 'रेकर्ड' पनि राखे । उनलाई सुदूरपश्चिम रोयल्सका ओपनर विनोद भण्डारीले ४९९ रन बनाएर पछ्याएका छन् । यसअघि चितवन राइनोजका विदेशी खेलाडी रवि बोपराले ५०० रन पूरा गरेका थिए । उनले १५ खेलमा ५२३ रन बनाएका थिए । यस्तै, सुदूरका कप्तान दीपेन्द्र सिंह ऐरी १८ खेलमा ३८९ रन बनाएर तेस्रो स्थानमा छन् ।

**तीन शतकको कीर्तिमान विदेशी खेलाडीका नाममा**
दोस्रो सिजनसम्म तीन शतक बनाउने कीर्तिमान बने । दोस्रोमा दुई र गत संस्करणमा एकमात्रै शतक जोडिएको थियो । एनपिएलमा जोडिएका सबै शतक विदेशी खेलाडीका नाममा छन् ।

दोस्रो संस्करणमा पोखरा एभेन्जर्सका एडम रोसिङ्टन र कर्णाली याक्सका मार्क वाटले मात्रै शतक प्रहार गरे । रोसिङ्टनले कर्णाली याक्सविरुद्धको उक्त खेलमा उनले ५५ बलमा शतक पूरा गरेका हुन् । ५८ बल खेलेका एडम १०८ रनमा अविजित रहे । कर्णालीलाई ३४ रनले हराएको यो खेलमा एडम 'प्लेयर अफ द म्याच' घोषित भएका थिए । एडम इङ्ग्ल्याण्डका हुन् ।

यस्तै, कर्णाली याक्समा अनुबन्ध स्कटल्याण्डका मार्क वाट दोस्रो संस्करणमा शतक हिर्काउने पहिलो खेलाडी हुन् । उनले लुम्बिनी लायन्सविरुद्धको खेलमा ४१ बलमा शतक बनाएका थिए। ४४ बल खेलेका वाट ११४ रनमा अविजित रहे । यो खेल कर्णालीले नौ विकेटले जितेको थियो । जसमा वाट 'प्लेयर अफ द म्याच' समेत चुनिए । वाट सबैभन्दा छिटो शतक प्रहार गर्ने र एकै खेलमा सबैभन्दा बढी रन बनाउने खेलाडीसमेत बने ।

पहिलो संस्करणको एकमात्र शतक अमेरिकी खेलाडी आन्द्रिज गोउसको नाममा छ । पोखराको टोलीमा आवद्ध गोउसले लुम्बिनीविरुद्ध शतक जोडे । गोउसले ५४ बलमा शतक पूरा गरेका हुन् । उनी १०४ रनमा अविजित रहे ।
रासस

# च्याउखेतीमा किसानको आकर्षण बढ्दो

**काठमाडौँ ।**
'च्याउ खाऔँ, स्वस्थ्य बनौँ', 'स्वस्थ्य जीवनको आहार च्याउ' भन्ने नारासहित च्याउखेती गर्दै आएका ललितपुरको गोदावरी नगरपालिका–११, सेराफाँटका कृषक चित्रराज तिमिल्सिनाले च्याउखेतीबाटै वार्षिक १२ लाख रुपैयाँ आम्दानी गर्छन ।

तिमिल्सिनाले देशभित्रै च्याउखेतीबाट खर्च कटाएर मासिक एक लाख रुपैयाँ आम्दानी गरी 'देशमा केही गर्न सकिँदैन, केही हुँदैन' भन्ने युवा पुस्ताका लागि 'जाँगर भए देशभित्रै गर्न सकिन्छ' भन्ने उदाहरण दिएका छन ।

आफ्नै लगानीमा करिब १५ रोपनी जग्गामा च्याउ खेती गर्दै आएका उनले चार वटा फार्ममा कन्ये, गोब्रे र सिताकेलगायतका च्याउ खेती गर्दै आएका छन ।

उनले अध्ययन गर्दै गरेका आफ्ना छोरा/छोरीलाई पनि च्याउखेतीमै संलग्न गराएका छन । उनले भने, 'अमेरिका र युरोपका विभिन्न देशमा गएका युवाभन्दा हामी सक्षम छौँ, उनीहरु देश फर्किएर के गर्ने होला ? भनेर काम खोज्छन, हामीसँग त्यो समस्या छैन ।'

च्याउ उत्पादक किसान सङ्घ, नेपालका अनुसार हाल च्याउखेतीबाट करिब २० अर्ब रुपैयाँ बराबरको आम्दानी हुने गरेको छ । गोधे च्याउ, कन्ये च्याउ र राजा च्याउ नेपालका लागि आवश्यक उत्पादन नेपाली किसानबाट हुने भएकाले च्याउमा नेपाल आत्मनिर्भर भएको किसानहरुको भनाइ छ । यस क्षेत्रमा ३० हजार नेपालीले रोजगारी पाएको सङ्घका अध्यक्ष सन्तोष कार्कीले जानकारी दिए ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका वरिष्ठ कृषि अर्थविज्ञ तथा सूचना अधिकारी आनन्द जोशीले च्याउ खेतीको विकास र प्रवद्र्धन गर्ने विषयमा रणनीति वा कार्ययोजना बनाउने विषयमा छलफल भए पनि राष्ट्रिय च्याउ नीति नै बनाउनेबारे भने छलफल नभएको बताए ।

नेपालमा म्याजिक मसरुम भनिने जङ्गली च्याउदेखि सजिलै घरमा उत्पादन गर्न सकिने च्याउसम्म पाइन्छन् । प्रतिकिलो भारु ५८ हजारमा बिक्री हुने गुची च्याउ पनि नेपालमै पाइन्छन् । यार्सागुम्बा पनि च्याउ वर्गमै पर्छन् ।

नेपालमा च्याउखेती नगदेवालीको रूपमा अत्यधिक सम्भावना बोकेको क्षेत्रका रूपमा परिचित छ ।

कृषि विभागअन्तर्गतको व्यावसायिक कीट विकास केन्द्रका सूचना अधिकारी पूर्णिमा क्षेत्रीले केन्द्रले च्याउसम्बन्धी प्रयोगशाला र च्याउमा हुनुपर्ने न्यूनतम मापदण्ड तयार गर्ने काम भइरहेको जानकारी दिनुभयो । केन्द्रले खानयोग्य जङ्गली च्याउबारे पनि अध्ययन सुरु गरेको जनाएको छ ।रासस

# तरकारी बजारमा व्यवसायीको हैकम चलिरहेको किसानको गुनासो

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा तरकारी व्यापारमा ठूलो सिन्डिकेट रहेको खुलासा भएको छ । वीरगंज महानगरपालिकाले घण्टाघरस्थित बीपी पार्कमा लामो समयदेखि लाग्दै आएको थोक तथा खुद्रा तरकारी बजार हटाएपछि तरकारी व्यवसायीको हैकमवादी शैली सतहमा आएको हो ।



महानगरले तोकेको वैकल्पिक स्थानमा जान नमान्दै व्यवसायीले आन्दोलन थालेका छन् । यसले तरकारी किसानलाई समेत ठूलो मर्का परेको छ । सोमबार बिहानदेखि वीरगंजका चारै दिशामा बिचौलिया खटाई साना तरकारी व्यवसायी तथा किसानलाई तरकारीसहित शहर प्रवेश गर्न नदिएको किसानको गुनासो छ ।
तरकारी लिएर बजार आउँदै गरेका किसानलाई बाटोमै रोकेर गालीगलौज तथा हातपात गरिएको आरोप भारतको हरपुर क्षेत्रबाट आएका किसानले लगाए । उनीहरूका अनुसार घण्टाघरमा तरकारी बेच्न इच्छुक नभए पनि बिचौलिया, दलाल र रंगदारी चलाउने समूहले त्यहीँ बेच्न बाध्य बनाउँदै आएको छ । मण्डीमा उचित मूल्य नपाउने गरेको उनीहरूको भनाइ छ ।
किसानहरूले घण्टाघर मण्डीमा आफ्नो इज्जत र मान–प्रतिष्ठा नहुने तथा दलालले तोकेको मूल्यमा तरकारी नदिए मण्डीबाट बहिष्कार गर्ने गरिएको समेत खुलासा गरेका छन् । ठूला तरकारी व्यवसायी र दलालका कारण सोमबार दिनभर बाहिरबाट आएको तरकारी वीरगंज प्रवेश गर्न नपाएको किसानहरूले बताए ।
साइकल, मोटरसाइकल तथा चारपांग्रे सवारी प्रयोग गरी साना तरकारी तथा फलफूल व्यवसायी र किसानलाई रोकिने क्रम जारी रहेको किसानको गुनासो छ । यसका कारण हजारौं किसान तरकारी बजार नपुग्दै घर फर्किन बाध्य भएका छन् । अवस्था यस्तै रहेमा लाखौँ मूल्य बराबरको तरकारी नष्ट हुने खतरा रहेको इनर्वाका एक किसानले बताए ।
उनका अनुसार घण्टाघर तरकारी मण्डीको सिन्डिकेट तोडिए रेल्वे रोडमा सञ्चालन हुने भनिएको थोक तथा खुद्रा तरकारी बजारमा उपभोक्ताले सस्तो मूल्यमा तरकारी पाउने निश्चित छ । वीरगंज फलफूल तथा तरकारी व्यवसायीको नेतृत्व गर्दै आएका 'जगु' नामका एक व्यवसायीले मण्डीमा ठूलो आर्थिक चलखेल गर्ने गरेको आरोप छ । तर, व्यवसायी जगुले किसानले लगाएका आरोप झुटा भएको दाबी गर्दै मण्डीमा नेपाली किसानलाई प्राथमिकता दिइँदै आएको बताए । रेल्वे रोडको मण्डी टाढा र उल्टो पर्ने भएकाले घण्टाघरस्थित बीपी पार्कमै सीमित जग्गा उपलब्ध गराउन महानगरसँग माग गरिएको उनले बताए ।
उनले आफूहरूले कुनै किसानलाई धम्की नदिएको, सामान नखोसेको र उचित मूल्यमा लामो समयदेखि तरकारी बिक्री–वितरणको व्यवस्था गर्दै आएको दाबी गरे । रेल्वे रोडको तरकारी मण्डी महँगो रकममा ठेक्कामा गएको र सटर भाडा गरिब किसानले तिर्न नसक्ने अवस्थाको रहेको उनको भनाइ छ ।
यता, वीरगंज महानगरपालिकाले तोकिएको स्थानमै पूर्वाधारसहितको तरकारी बजार निर्माण हुने स्पष्ट पारेको छ । बीपी पार्कको जग्गामा तरकारी मण्डी सञ्चालन गर्न नसकिने भन्दै पटकपटक म्याद दिँदा पनि अटेरी गरेपछि बाध्य भएर डोजर चलाउनु परेको महानगरको भनाइ छ ।
वीरगंजका चारै दिशामा तरकारी मण्डी रहेको र किसान तथा उपभोक्ता रेल्वे रोडको मण्डी आउन तयार रहे पनि व्यवसायी त्यहाँ जान नमान्नुका पछाडि अनुचित व्यापारको स्वार्थ हुनसक्ने कतिपयको बुझाइ छ ।

**तरकारी व्यवसायीको विरोध जारी**

वीरगंज महानगरपालिकाले घण्टाघरस्थित बीपी उद्यान क्षेत्रमा डोजर चलाएपछि तरकारी तथा फलफूल व्यवसायीले विरोध प्रदर्शन गरेका छन् । उनीहरुले नगर प्रमुख राजेशमान सिंहविरुद्ध नाराबाजीसहित विरोध प्रदर्शन गरेका हुन् । व्यवसायीहरु घण्टाघरबाट विरोध प्रदर्शन शुरु गर्दै नगरपरिक्रमा गरी पुनः घण्टाघरमा भेला भएका थिए । उनीहरुले आफूहरुको तरकारी बजार पुनःस्थापना गर्न माग गरेका छन् । यसका साथै प्रदर्शनकारीहरुले ग्रामीण भेगबाट आउने तरकारी व्यापारीलाई वीरगंजमा तरकारी लिएर प्रवेश गर्न रोक लगाएका छन् ।



**उपमहानगर प्रमुखको सम्बोधनः** जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोजकुमार साह धनुषाको क्षीरेश्वरनाथ नगरपालिका–१ रमदैया भबाडिमा सोमबारबाट सञ्चालनमा आएको जानकी बायो प्लास्टिक उद्योग उद्घाटन कार्यक्रममा मन्तव्य राख्दै । तस्बिरः रासस

# रास्वपाको महानगर भेला




**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) वीरगंज महानगर समितिको प्रथम भेला सोमबार भएको छ ।
भेलाले अमन आलमको नेतृत्वमा सर्वसम्मत रूपमा २५ सदस्यीय महानगरको नयाँ नेतृत्व चयन गरेको छ ।
भेलाबाट उपसभापतिको जिम्मेवारीमा परितोष द्विवेदीलाई चयन गरिएको छ । नवगठित कार्यसमितिको सचिव पदमा आस्था गौतम, सहसचिव पदमा मुना साह सर्वसम्मत चयन भएको रास्वपा पर्साका अध्यक्ष हरि पन्तले जानकारी दिए ।
अध्यक्ष पन्तले नवनिर्वाचित सभापति, उपसभापति, सचिव, सहसचिवलगायत सम्पूर्ण सदस्यलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गरे । महानगर समितिले पार्टीको सिद्धान्त र उद्देश्यलाई स्थानीयस्तरमा सशक्त रूपमा अगाडि बढाउने विश्वास व्यक्त गरे ।
यसअघि भेलाको उदघाटन पार्टीका केन्द्रीय कार्यबाहक सभापति तथा पूर्वमन्त्री डीपी अर्यालले गरेका थिए ।
पर्सा सभापति हरि पन्तको सभापतित्वमा भएको रास्वपा महानगरको भेलामा पार्टीका संगठन विभाग प्रमुख शंकर श्रेष्ठ, केन्द्रीय सदस्य डा.नन्दन यादव, मधेश प्रदेशका महामन्त्री मनिष साह, पर्साका क्षेत्रीय सभापतिहरु राम आर्य, फैयाज आलम, जितेन्द्र मिश्र र मनोज कुमार कुर्मीलगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रम सञ्चालन रास्वपाका नेता कृष्णा पासवानले गरेका थिए । निर्वाचन समितिमा रञ्जित राम, प्रमोद रायमाजी, सबु कर्डेँलको निर्वाचन समिति बनेको थियो ।

# पोखरा सडक महोत्सवको प्रचारप्रसार टोली जनकपुरधाममा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
अंग्रेजी नयाँ वर्षको अवसरमा पोखरामा आयोजना हुने २७औँ पोखरा सडक महोत्सवको प्रचार–प्रसारका लागि पोखराका पर्यटन व्यवसायीको टोली जनकपुरधाम आइपुगेको छ । रेष्टुरेण्ट एण्ड बार एशोसिएसन नेपाल (रेवान) पोखराको नेतृत्वमा आएको टोलीले जनकपुरधाममा पत्रकार सम्मेलनको आयोजना गरी आमसर्वसाधारण, पर्यटन व्यवसायी तथा सञ्चारकर्मीलाई महोत्सवमा सहभागी हुन निमन्त्रणा गरेको हो । पत्रकार सम्मेलनमा महोत्सवका संयोजक वसन्त गौतमले विगत २६ वर्षदेखि निरन्तर सञ्चालन हुँदै आएको पोखरा सडक महोत्सव यस वर्ष पनि निरन्तरताका साथ आयोजना हुन लागेको जानकारी दिए । उनका अनुसार महोत्सव पुस १३ गतेदेखि १७ गतेसम्म पोखराको लेकसाइडस्थित फेवा तालको किनार क्षेत्रमा सञ्चालन हुनेछ ।



अंग्रेजी नयाँ वर्ष मनाउने प्रमुख पर्यटकीय गन्तव्यका रूपमा पोखरालाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउने उद्देश्यले महोत्सव आयोजना हुँदै आएको उनले बताए ।
'पोखराको प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता र आतिथ्य सत्कारलाई एउटै मञ्चमा प्रस्तुत गर्ने यो महोत्सवले आन्तरिक तथा बाह्य पर्यटन प्रवद्र्धनमा उल्लेखनीय योगदान पु¥याउँदै आएको छ,' गौतमले भने ।
आयोजकका अनुसार महोत्सवमा विभिन्न जातजातिको मौलिक सांस्कृतिक झाँकी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिकार समेटिएको फुड फेस्टिभल, चर्चित कलाकारको लाइभ कन्सर्ट, लोकदोहोरी कार्यक्रम, फेवा तालमा बोट रेस, टग अफ वार प्रतियोगिता लगायतका मनोरञ्जनात्मक कार्यक्रम समावेश गरिनेछ । साथै पर्यटन प्रवद्र्धन केन्द्रित टक शो तथा फोटो प्रदर्शनीले महोत्सवलाई थप आकर्षक बनाउने अपेक्षा गरिएको छ ।रेवान पोखराका प्रतिनिधिले पोखरा सडक महोत्सव मनोरञ्जनमा मात्र सीमित नभई स्थानीय उत्पादन, कला, संस्कृति र पर्यटन व्यवसाय प्रवद्र्धनको साझा मञ्चका रूपमा स्थापित हुँदै आएको बताए । महोत्सव अवधिभर होटल, रेष्टुरेन्ट, यातायात, हस्तकला तथा पर्यटनसँग सम्बन्धित विभिन्न व्यवसायमा सकारात्मक प्रभाव पर्ने विश्वास व्यक्त गरिएको छ ।

# भौराटारमा मोतियाविन्दुको शल्यक्रिया

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको बहुदरमाई नगरपालिका वडा नं. ५ भौराटारमा मोतियाबिन्दुको शल्यक्रिया भएको छ ।
वीरगंज सामुदायिक अस्पतालमा मोतियाबिन्दुको निःशुल्क शल्यक्रिया (अपरेशन) तिलगंगा आँखा प्रतिष्ठानका विशेषज्ञ चिकित्सकद्धारा सफलतापूर्वक भएको हो ।
लायन्स क्लब वीरगंज परिवार, लायन्स क्लब वीरगंज सेन्ट्रल सिटी तथा जोन चेयरपर्सन डा. लक्ष्मी थापाको सहयोगमा सञ्चालन भएको शिविरमा चेकजाँच गराएका पोखरिया नगरपालिकाका बिरामीको उल्लेखनीय सहभागिता थियो । धेरै बिरामीले नयाँ दृष्टि पाउने अमूल्य अवसर प्राप्त गरेको आयोजकले जनाएको छ ।
राष्ट्रिय मुक्ति पार्टी नेपालका नेजामुद्दीन शमानीले कार्यक्रमलाई सफल बनाउन प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग गर्ने सबैमा आभार व्यक्त गरेका छन् ।

# डिजेलमा ४ रुपैयाँ घट्दा पेट्रोलमा २ रुपैयाँ वृद्धि

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल आयल निगमले डिजेल र मट्टितेलको मूल्य घटाएको छभने पेट्रोलको मूल्य बढाएको छ ।
निगमको सञ्चालक समितिको बैठकले मंगलबार मध्यरातदेखि लागू हुने गरी डिजेल र मट्टितेलमा प्रतिलिटर चार रुपैयाँ घटाएको हो । पेट्रोलमा भने प्रतिलिटर दुई रुपैयाँ बढाइएको छ ।
मूल्य समायोजनसँगै डिजेल र मट्टितेल पहिलो वर्गका लागि प्रतिलिटर १ सय ३९ रुपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि १ सय ४१ रुपैयाँ र तेस्रो वर्गका लागि १ सय ४२ रुपैयाँ कायम भएको छ । त्यसैगरी पेट्रोल पहिलो वर्गका लागि प्रतिलिटर १ सय ६० रुपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि १ सय ६२ रुपैयाँ र तेस्रो वर्गका लागि १ सय ६३ रुपैयाँ कायम भएको छ ।
निगमले चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगन्ज, धनगढी र वीरगंज डिपोलाई पहिलो वर्ग, सुर्खेत र दाङ डिपोलाई दोस्रो वर्ग र काठमाडौँ, पोखरा र दिपायल डिपोलाई तेस्रो वर्गमा राखेको छ ।
निगमको डिपोदेखि १५ किलोमिटरसम्मका लागि खुद्रा बिक्री मूल्य लागू हुनेछ । निगमले हवाई इन्धन र खाना पकाउने ग्याँसको मूल्य भने यथावत राखेको छ ।
इन्डियन आयल कर्पोरेशनबाट सोमबार प्राप्त पेट्रोलियम पदार्थको नयाँ खरिद मूल्यअनुसार डिजेल र मट्टितेलमा प्रतिलिटर छ रुपैयाँ ९३ पैसा घटेर तथा पेट्रोलमा एक रुपैयाँ ९४ पैसा बढेर आएकाले खुद्रा बिक्री मूल्य समायोजन गरिएको निगमले जनाएको छ ।

# आमसञ्चारमा एआईको प्रयोगसम्बन्धी तालिम

**मधेशदृष्टि**
**वीरगंज ।**
आमसञ्चार प्राधिकरण मधेश प्रदेश र नेपाल पत्रकार महासंघ पर्साको संयुक्त आयोजनामा पत्रकारितामा एआईको प्रयोग सम्बन्धी एकदिने तालिम वीरगंजमा भएको छ । मधेश प्रदेशका सातवटै जिल्लामा चरणबद्ध रूपमा सञ्चालन गरिएको तालिम अन्तर्गत १७ गतेदेखि शुरु भएको कार्यक्रम सोमबार पर्सामा सम्पन्न भएसँगै औपचारिक रूपमा समापन गरिएको हो ।
कार्यक्रममा आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष जितेन्द्र खड्गा, मधेश प्रदेशका पूर्वमुख्यमन्त्री तथा प्रदेश सभा सदस्य लालबाबु राउत, नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव अशोक तिवारी, पूर्व केन्द्रीय सचिव दिपेन्द्र चौहान, नेपाल पत्रकार महासंघ मधेश प्रदेशका सचिव दीपक गौतमलगायतको उपस्थिति थियो ।
पूर्व मुख्यमन्त्री लालबाबु राउतले पत्रकारितामा प्रविधिको प्रयोग अब विकल्प नभई आवश्यकता बनेको बताए । उनले एआईले समाचार संकलन, विश्लेषण र प्रस्तुतीकरणलाई सहज बनाउने भए पनि यसको प्रयोगमा नैतिकता र जिम्मेवारीलाई प्राथमिकता दिनुपर्नेमा जोड दिए । 'एआई पत्रकारिताको सहयोगी हुन सक्छ, प्रतिस्थापन होइन,' राउतले भने, 'सत्य, विश्वसनीयता र जनउत्तरदायित्व पत्रकारिताको मूल आत्मा हो, जसलाई प्रविधिले कमजोर बनाउनु हुँदैन ।'
तालिममा प्रशिक्षक सुरेश बिडारीले पत्रकारितामा एआईको प्रयोग, सम्भावना, चुनौती र व्यवहारिक पक्षका बारेमा सहजीकरण गरेका थिए । त्यस्तै, पत्रकार प्रकाश मैनालीले साइबर सुरक्षा, वर्तमान अवस्था, सम्भावित जोखिम र त्यसबाट जोगिने उपायका बारेमा सहभागीहरूलाई जानकारी गराएका थिए। उनले पत्रकारहरू डिजिटल प्लेटफर्म प्रयोग गर्दा डेटा सुरक्षा र स्रोतको गोपनीयतामा सचेत हुनुपर्ने बताए ।
आमसञ्चार प्राधिकरण मधेश प्रदेशका प्रशासनिक प्रमुख रञ्जिता साहले तालिमको उद्देश्य पत्रकारहरूलाई बदलिँदो प्रविधिसँग अपडेट गराउँदै जिम्मेवार र सुरक्षित पत्रकारिता प्रवद्र्धन गर्नु रहेको जानकारी दिइन् ।

सम्पादकीय

# अपुरो मन्त्रिपरिषद्, सभामुख चयन पेचिलो

मधेश सरकारका मुख्यमन्त्री कृष्णप्रसाद यादवले सोमबार मन्त्रिपरिषद् विस्तार गर्दा पनि मधेशमा सात वर्ष सत्ता चलाएको र अहिले कांग्रेसलाई मुख्यमन्त्रीको भाग पार्न मदत गर्ने जनता समाजवादी पार्टी नेपाल समेटिएको छैन। उसो त नेकपा माओवादी फ्याक्टरबाट पनि भरत साहको अनेक मागले गठबन्धन पिरोलिरहेको छ। आफ्नै पार्टीमा पनि विवादरहित हुन नसकेका साहका कारण पनि सरकार गठनमा पहिलो दिन पनि मन्त्री समेटिन सकेनन्।

शुरुमा उनले सभामुखको रहर गरेको विषय चुहियो। अहिले चैं भौतिक पूर्वाधार मन्त्रालय मागिरहेका छन्। जुन कुरामा उनलाई उनकै पार्टीमा पनि सर्वसम्मति छैन। यसपटक पनि जसपा नेपाल नसमेटिनु अर्को सकारात्मकताभित्र पनि केही न केही नकारात्मकता हो। सभामुख चयन र विश्वासको मतको उद्योग नजिकिइरहँदा ठूला गठबन्धनहरु नसमेटिनु उचित होइन।

यादवले चैं सातदलीय गठबन्धनबाट मन्त्रालय तोकेर एक–एक जना मन्त्री नियुक्त गर्ने भनेर ऋषि धमलाको कान फुकेका थिए। तर त्यसो भएन। दोस्रोपटक पनि सबैलाई समेट्न सकेनन्। सातदलीय गठबन्धनको बैठकले तत्काल सात दलभित्रबाट प्रतिनिधित्व हुने गरी मन्त्रालयसहित एकएकजना मन्त्री नियुक्त गर्ने निर्णय भए पनि मुख्यमन्त्रीले नाम पाउन सकेका छैनन्।

आगामी पुस ४ गते मुख्यमन्त्रीले विश्वासको मत लिने तालिका छ। पटकपटक विश्वासको मत लिने मिति अनौपचारिकरुपमा बजारमा आए पनि पुस ४ गते चैं पक्का भएको छ। उनी मङ्सिर १९ गते ७ दलको समर्थनमा मुख्यमन्त्री भएका हुन्।

मङ्सिर २१ गते प्रदेश प्रमुखबाट पद तथा गोपनीयताको शपथ लिएका यादवलाई सरकारको गति अरबी घोडाजसरी दौडाउनु छ।

यो ६ महिनामा सरकारको गति र प्रगति शून्य नै छ भन्दा फरक पर्दैन। केही प्रतिशतको घमण्ड व्यर्थ छ। अझै सभामुख चयन पेचिलो नै छ। जसपा नेपालले सभामुख र मालदार मन्त्रालय मागिरहँदा माओवादी पनि समेटर सरकार चलाउनु मुख्यमन्त्रीको आगामी कार्यभार हो।

# काठमाडौँमा बढ्दो वायु प्रदूषणको समस्या र न्यूनीकरणका उपाय



रोशनी अधिकारी

नेपाल हाल विश्वका ती देशहरूमध्ये पर्दछ, जहाँ वायु प्रदूषण तीव्रगतिमा बढ्ने क्रममा छ। काठमाडौँ उपत्यकादेखि तराई, पहाड हुँदै हिमाली क्षेत्रसम्म प्रदूषणको प्रत्यक्ष असर देखिन थालेको छ। त्यसो त हरेक पल फेर्ने श्वासप्रश्वासदेखि पिउने पानीसम्मलाई प्रदूषणले प्रभाव पारिरहेको छ। यसको असरबाट नयाँ प्रकारका रोगहरू देखिने क्रममा छन्। अझ पछिल्लो दशक संसारमा नसर्ने रोगहरूको महामारी फैलनुमा पनि प्रदूषणको प्रभाव हो भन्ने कुरालाई प्रतिष्ठित अनुसन्धानमा संलग्न संस्था र व्यक्तिहरूले प्रमाणित गरेका छन्। हरेक साल झैँ यस साल पनि काठमाडौँमा वायु प्रदूषणको मात्रा बढ्न थालेको समाचारहरू आएका छन्। साधारण रूपमा हामीलाई हिँडडुल गर्दा पनि आँखा पिरो हुने, नाक पोल्ने, वाकवाकी लाग्ने, रिँगटा लागे जस्तो हुने, श्वासप्रश्वासमा असहजता हुने जस्ता लक्षणहरू भोग्दै आएका छौँ।

संसारभर प्रदूषण बढ्नु हरेक देशका आ–आफ्ना प्रमुख कारणहरू छन् तर पनि मुख्य कारण भने अठारौँ शताब्दीमा भएको औद्योगिक क्रान्तिलाई मानिन्छ। एकपछि अर्को उद्योग स्थापना हुँदै जाने क्रममा त्यस्ता उद्योगले गर्ने प्रदूषण नियन्त्रणमा कसैले ध्यान दिएनन्। आर्थिक विकास गर्ने होडमा शक्तिशाली देशहरूले जनमानसको स्वास्थ्यमापर्ने असरप्रति ध्यान दिएनन्। त्यसैगरी जनसङ्ख्या वृद्धि, तीव्र शहरीकरण, सवारीसाधनको अनियन्त्रित विस्तार र प्रभावकारी नीतिको अभावले प्रदूषणको समस्या झन् पछि झन् जटिल बन्दै गयो। यसले क्रमशः बहुआयामिक प्रभाव पार्दै गयो। फलस्वरूप पर्यावरण, अर्थतन्त्र, पर्यटन, कृषि तथा समग्र जीवनयापनमै गम्भीर असर पार्न थाल्यो। त्यस्ता असरबाट नेपाल र मुख्यगरी यसको राजधानी काठमाडौँ अछुतो रहने कुरै भएन।

**काठमाडौँमा वायु प्रदूषण**

कचौरा जस्तो भौगोलिक भू–बनोटले गर्दा काठमाडौँ उपत्यकाभित्र जम्मा भएका वायु प्रदूषणलाई हावाले सजिलै बाहिर लान सक्दैन। अझ जाडोयाममा राति र बिहानीपख उपत्यकाको सतह नजिक चिसो हावाको एक तह बन्छ जसलाई तातो हावाको अर्को तहले ढकनीले जस्तै छोपेर राखेको हुन्छ; यसलाई वैज्ञानिक भाषामा इन्भर्सन भनिन्छ। यसले गर्दा जाडोयाममा प्रदूषण जमिनको सतह नजिक नै बसिरहन्छन् र वायु प्रदूषण अत्यधिक मात्रामा बढ्न जान्छ। वायु प्रदूषण बढी हुनुको अर्को कारण यहाँको उचाइ पनि हो। १३ सयदेखि १३ सय ५० मिटरसम्मको उचाइमा अवस्थित काठमाडौँ उपत्यकामा गाडीले अन्य कम उचाइ भएका ठाउँभन्दा साधारणतया बढी धुवाँ फाल्ने गर्दछ। त्यस्तै अन्य निम्न कारणले पनि काठमाडौँमा वायु प्रदूषण बढ्ने गरेको छः

सवारीसाधनद्वारा अत्यधिक धुँवा उत्सर्जनः यसै त काठमाडौँ उपत्यकाको भू बनोट कचौरा आकारको छ। जसले गर्दा प्रदूषित हावा तल्लो तहमा थिग्रिएर बस्न पुग्छ। त्यही हावा श्वासप्रश्वासका माध्यमबाट मानिसको फोक्सोमा पुगेर सङ्क्रमण गर्दछ। पुराना र मापदण्डविहीन सवारीसाधन, गुणस्तरहीन इन्धन, भिडभाडयुक्त तथा कच्ची सडक र ट्राफिक व्यवस्थापनको कमजोरीले उपत्यकाको प्रदूषणमा करिब ५० प्रतिशतसम्म योगदान गरेको देखिन्छ। शहरी क्षेत्रमा सवारीसाधन सञ्चालनको मापदण्डलाई कडाइ नगर्ने हो भने यसको हिस्सा बढ्दै जाने कुरामा कसैको दुई मत नहोला।

**सिमेन्ट र इँटा उद्योगः**

बढ्दो शहरीकरणसँगै उत्पादन बढाउँदै गएन भने देशको अर्थतन्त्र क्रमशः ऋणात्मक हुँदै जाने गर्दछ। तसर्थ, औद्योगीकरण कुनै पनि देशको प्रगतिको पहिलो मानक हो। तर त्यसता उद्योग बस्तीहरूबाट निश्चित दूरीमा हुनु आवश्यक छ। अझ धँुलो र धुँवा उत्सर्जन गर्ने सिमेन्ट, इँटा जस्ता उद्योगहरूलाई त बस्तीभन्दा निकै टाढा राख्नुपर्ने हुन्छ। हामीकहाँ भने नियमनबिना सञ्चालन हुने त्यस्ता उद्योगहरूले वातावरणमा धुलो, कार्बन–मोनोअक्साइड, सल्फरडाईअक्साइड जस्ता प्रदूषक तत्वहरू छरिरहेका हुन्छन्।

**निर्माण कार्यबाट उड्ने धुलोः**

हाम्रो जस्तो भौतिक विकासमा पछि रहेका देशहरूमा आधुनिक समयसँगै विभिन्न भौतिक संरचनाहरूको निर्माण कार्य तीव्र गतिमा हुँदै गरेका छन्। अझ पछिल्लो समय विकास भनेकै भौतिक निर्माण हो भन्ने भाष्य विकास हुँदै गएको छ। सडक विस्तार, घर निर्माण र सार्वजनिक संरचनाहरूको निर्माण स्थलहरूमा सुरक्षा मापदण्ड नअपनाइँदा जथाभावी धुलो उड्ने गरेको देखिन्छ। त्यो धुलोले मानव स्वास्थ्यमा पार्ने प्रभावका विषयमा सम्बन्धित पक्षहरू संवेदनशील नभइदिँदा प्रदूषण घट्नुको साटो झन् बढ्दो क्रममा रहेको छ।

**फोहर दहन र डम्पिङ साइटः**

सामान्यतः घर वरपर, खेतबारीमा रहेका प्लास्टिक, सिमेन्टको बोरा, चाउचाउका खोल, गुट्खाका खोल, कागज, ढोड, पराल, छवाली, झिक्राझिक्रीहरूलाई हामी खुला रूपमा जलाउने प्रवृत्ति रहेको छ। त्यस्ता वस्तु जलाउँदा विषालु ग्यास उत्पन्न भई वातावरणमा मिसिन जान्छ। यसले गर्दा हामीले फेर्ने श्वासमा प्रदूषण मिसिन पुग्छ। त्यस्तो प्रदूषित हावा लिएर हाम्रो फोक्सो के स्वस्थ रहन्छ र!

**प्राकृतिक तथा मौसमी कारणहरूः**

त्यसो त प्रदूषित वातावरणको कारण पृथ्वीको बढ्दो तापक्रम, हावाको कम गति, डढेलो र खाद्य बालीका अवशेषहरूलाई जलाउने गर्दा पनि वायु गुणस्तरलाई निरन्तर रूपमा बिगारी रहेका छन्।

**वायु प्रदूषणका प्रभावहरू**

स्वास्थ्यमा प्रभावः वायु प्रदूषणको प्रमुख असर भनेको यसले मानिसको स्वास्थ्यमा एकपछि अर्को असर गर्दै जानु हो। यसले श्वासप्रश्वाससम्बन्धी रोग (दम, एलर्जी, सिओपिडी), फोक्सो क्यान्सर, मुटु तथा रक्तसञ्चार प्रणाली र प्रजनन स्वास्थ्यसम्बन्धी रोगहरू लाग्ने गरेको विभिन्न अध्ययनहरूले देखाएका छन्। त्यसो त यसले बालबालिका, वृद्धवृद्धा र गर्भवतीलाई उच्च जोखिममा पार्दछ। अर्थतन्त्रमा प्रभावः कुनै पनि अर्थतन्त्रको प्रमुख मेरुदण्ड भनेको जनशक्ति नै हो। प्रदूषणले मानव स्वास्थ्यमा प्रहार गर्न थालेपश्चात् जनशक्तिको उत्पादन क्षमता पनि हस आउन थाल्दछ। यसका कारण उत्पादन एवम् सेवा क्षेत्रमा गम्भीर असर पर्न जान्छ। बिरामी जनशक्तिले न त उत्पादन गर्न सक्छ न त उपभोग नै गर्नसक्छ। त्यसै गरी प्रदूषणले स्वास्थ्य उपचार खर्च बढ्ने र पर्यटन क्षेत्रमा पनि नकारात्मक प्रभाव पारी समग्र आर्थिक चक्रलाई नै क्षति पु¥याई समग्र अर्थतन्त्रलाई शिथिलतातर्फ लाने सम्भावना रहन्छ।

पर्यावरणीय प्रणालीमा प्रभावः प्रदूषणले पृथ्वीको तापक्रम बढाउँदा समग्र जीवहरूको पुनरुत्पादन प्रक्रियामा गम्भीर असर परिरहेको हुन्छ। त्यसरी प्रदूषण र तापमान बढ्दा हरियो वनस्पति कमजोर बन्ने, जैविक विविधतामा असर पर्ने, वर्षा ढाँचामा परिवर्तन हुने जस्ता असर देखिँदै जानेछन्। यसले समग्र जीवको प्रणालीमै असर गरी नयाँ सङ्कट बढाउने जोखिम दिनानुदिन बढ्दै गएको पाइन्छ।

पर्यावरणीय प्रणालीमा रहेका समस्याहरुको तत्कालीन समाधानका विभिन्न उपायहरू हुन सक्छन्। धुलो नियन्त्रण अभियान कडाइका साथ सञ्चालन गर्न सकिन्छ। सडक लगायतका भौतिक संरचना निर्माणस्थलमा नियमितरूपमा पानी छर्कने र जिओ–टेक्सटाइल लेयर उपयोग गर्न सकिन्छ। पुराना सवारीसाधनहरू चरणबद्ध रूपमा हटाउने र विद्युतीय सवारीसाधनको प्रयोगमा जोड दिनुपर्छ। सार्वजनिक यातायातलाई भरपर्दो र व्यवस्थित पार्दै निजी सवारीसाधनको प्रयोगलाई निरुत्साहित र इन्धन गुणस्तर नियमित अनुगमन एवम् परीक्षणमा कडाइ गर्न सकिन्छ।

त्यस्तै जथाभावी फोहर जलाउने कार्यलाई पूर्ण प्रतिबन्ध लगाउन आवश्यक छ। घरवर, खेतबारीमा रहेका फोहरहरूलाई खुल्लारूपमा जलाउने कार्यलाई प्रतिबन्ध लगाउनुपर्छ। त्यस्ता कार्यलाई स्थानीय तहमार्फत नियमित निरीक्षण, दण्डजरिवाना प्रणाली लागू गरिनुपर्छ। राष्ट्रिय तथा स्थानीयस्तरमा वायु गुणस्तर सूचकाङ्क मापन र तत्क्षणिक सूचना प्रवाह गर्ने प्रणालीको विकास गरी त्यसलाई कडाइका साथ लागू गरिनुपर्छ। खुला रूपमा निर्माण सामग्रीको ढुवानी गर्ने कार्य रोक्न भौतिक निर्माणमा आवश्यक ढुङ्गा, बालुवालगायतका सामाग्रीलाई ढाकेर मात्र ढुवानी गर्ने, व्यवस्था गर्नुपर्छ।

दीर्घकालीन समाधानका उपायहरूमा विद्युतीय सवारीसाधनको प्रयोगलाई रणनीतिक रूपमा प्रोत्साहित गर्दै ट्राफिक व्यवस्थापन सुधारमा गर्दै एमआरटी, बिआरटीजस्ता आधुनिक सार्वजनिक यातायात प्रणालीको विकास गर्नुपर्दछ। दैनिक जीवनमा नवीकरणीय ऊर्जा खपतलाई प्रोत्साहित गराउन आवश्यक छ। सबैभन्दा बढी प्रदूषण गर्ने सिमेन्ट र इँटा उद्योगमा आधुनिक प्रविधिको जडान गरी प्रदूषण कम गर्न सकिन्छ। त्यसका लागि 'जिगज्याग' प्रविधिलाई अनिवार्य गर्दै शून्य उत्सर्जन उद्योगको अवधारणामा रूपान्तरण गर्नुपर्दछ। त्यसैगरी त्यस्ता उद्योगलाई शहर बाहिर सर्नका लागि प्रोत्साहन गर्नुपर्दछ। शहरी क्षेत्रमा बढ्दो कङ्क्रिटका संरचनाले तापक्रम र प्रदूषण बढाउन मुख्य भूमिका खेलिरहेको वर्तमान परिप्रेक्ष्यमा स्थानीय सरकारले 'ग्रिनबेल्ट' क्षेत्रहरूको विकास गर्दै पार्कहरूको निर्माणमा जोड दिनुपर्नेछ। वृक्षरोपण अभियानलाई तीव्रता दिँदै जमिन उपभोगको नीतिमा निर्मम बन्नुपर्दछ।

त्यसैगरी बढ्दो प्रदूषणलाई कम गर्नका लागि वातावरण संरक्षण वातावरण संरक्षण ऐनको पूर्ण कार्यान्वयनमा ध्यान दिनुपर्नेछ। स्थानीय तहलाई वातावरणीय निगरानी अधिकार विस्तार गर्दै वातावरण प्रभाव मूल्याङ्कन (इआइए) र प्रारम्भिक वातावरणीय परीक्षण (आइई) को प्रावधानलाई प्रभावकारी बनाउनुपर्ने हुन्छ। विद्यालयदेखि समुदायस्तरसम्म वातावरण शिक्षालाई अनिवार्य रूपमा लागू गरिनुपर्छ। हरेक घर–परिवारमा धुलो नियन्त्रण, मास्क प्रयोग, हरियाली अभियान र खुल्ला फोहर दहन बन्द गर्ने विषयलाई प्रभावकारी रूपमा चलाउनुपर्छ।

**निष्कर्ष**

प्राकृतिक र मानवीय कारणले गर्दा काठमाडौँ उपत्यकामा वायु प्रदूषणको प्रभाव अन्य शहरभन्दा बढी हुने गर्छ। हरेक वर्षको हिउँद र प्रि–मनसुन समय फागुनदेखि वैशाखसम्म उपत्यकामा वायु प्रदूषण बढ्ने गर्छ। वातावरण विभागको प्रतिवेदनमा काठमाडौँ उपत्यकामा प्रदूषणको मुख्य स्रोत दश लाखभन्दा बढी सवारीसाधन नै हुन्। नेपालमा सन् २०३० सम्ममा वायु प्रदूषणको वित्तीय भार दुई सय ५६ मिलियन अमेरिकी डलर (करिब तीन खर्ब) पुग्ने विश्व बंैकको अनुमान छ। वनजङ्गलमा लाग्ने डढेलो, किसानले खेतबारीमा जलाउने कसिङ्गर, धुलो धँुवा र पश्चिमी तथा पूर्वीय वायु सक्रिय हुन नसक्दा काठमाडौँमा प्रदूषण बढ्दै गइरहेको नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) ले बताएको छ। यसरी बढ्दै गएको वायु प्रदूषणका कारण मानव स्वास्थ्यमा पर्ने असर तथा सेवा प्रभावित हुँदा आर्थिक क्षति पनि बढ्ने गरेको छ।

वायु प्रदूषण केवल वातावरणीय समस्या मात्र होइन, जीवनरक्षासँग सम्बन्धित राष्ट्रिय प्राथमिकता बन्न पुगेको छ। यस क्षेत्रमा यदि आजै प्रभावकारी कदम चालिएन भने आगामी दिनहरूमा स्वास्थ्य सङ्कट, आर्थिक क्षति र सामाजिक समस्या गहिरिँदै जानेछ। तत्कालीन कदम तत्काल लागू गरेर र दीर्घकालीन कदम नीतिगत सुधारमार्फत यो समस्यालाई नियन्त्रण गर्न सकिन्छ। तीनै तहका सरकार, निजी क्षेत्र, नागरिक र सञ्चार क्षेत्रको सामूहिक भूमिकाले मात्र स्वच्छ हावा र सुरक्षित भविष्य सुनिश्चित हुनसक्छ। रासस

# सुन खोज्दै जाँदा सुनखानीमै जिउँदै पुरिए दुई किशोर

गडविन असेबिदा

सिएरा लिओनको यो गाउँमा सेतो कपडामा बेरिएका दुई किशोरको शव अगाडि रोइरहेका मानिसहरू उनीहरू अब छैनन् भन्ने विश्वास गर्न सकिरहेका थिएनन्।

एक दिनअघि मात्रै १६ वर्षीय मोहमद बङ्गुरा र १७ वर्षीय याया जेन्हा देशको पूर्वी प्रान्तमा रहेको आफ्नो घरबाट परिवारका लागि थोरै भए पनि पैसा कमाउने आशामा निस्किएका थिए।

उनीहरू सुनको खोजीमा गएका थिए तर कहिल्यै फर्किएनन्। उनीहरूले खन्दै गरेको अस्थायी खाल्डो भासिँदै उनीहरूकै माथि खस्यो।



DAVID WILKINS / BBC

खानीमा भएको यो तेस्रो घातक दुर्घटना हो। अहिलेसम्म यो क्षेत्रमा विगत चार वर्षमा कम्तीमा पाँचजनाले ज्यान गुमाइसकेका छन्।

समुदायका अभियानकर्मी र शिक्षकहरूका अनुसार मोहमद र याया सिएरा लिओनको त्यस्तो क्षेत्रका बालकहरूमा पर्छन् जो विद्यालय छोडेर बहुमूल्य धातु सुन खोज्न जोखिमयुक्त खानीहरूमा जाने गर्छन्।

पूर्वी प्रान्त ऐतिहासिक रूपमा हिरा खानीका रूपमा चिनिन्छ। तर हालैका वर्षमा हिरा घट्दै गएपछि सुन खानी विस्तार भइरहेको छ।

खनिजले भरिपूर्ण यो भूमिमा जहाँ–जहाँ स्थानीयहरूले भण्डार भेट्छन्, त्यहाँ–त्यहाँ खानीहरू देखा पर्दछन् चाहे ती कृषियोग्य जमिनमा, पुराना चिहानस्थानमा र नदीका किनारमा नै किन नहोऊन्।

यहाँ औपचारिक खानी कम्पनीहरू धेरै छैनन् तर नाफामूलक नमानिएका क्षेत्रमा ४ मिटर (१३ फिट) सम्म गहिरो हुने यी अनियमित गहिरा खाल्डाहरूले भू–दृश्य भरिएको हुन्छ।

यस्तै र त्यत्तिकै खतरनाक खानीहरू धेरै अफ्रिकी देशहरूमा पनि पाइन्छन् र प्रायः घातक जमिन धसिने घटनाहरूको समाचार आउने गर्छ।

न्यिम्बाडुका अधिकांश परिवारहरू सानो किसानी र साना व्यापारबाट जीवन गुजार्छन्। वैकल्पिक रोजगारी न्यून भएकाले अलिकति थप आम्दानी कमाउने अवसर उनीहरूलाई निकै आकर्षक लाग्छ।

तर गाउँका बासिन्दा स्थानीय शव गृहमा भेला भएका छन् किनभने यस्तो कामका लागि धेरै महँगो मूल्य तिर्नुपर्छ भन्ने कुरा उनीहरूलाई थाहा छ। यति बेला दुई युवाका शव त्यहाँ छन्।

यायाकी आमा नमिना जेन्हे विधवा हुन् र बाँकी पाँच छोराछोरीको पालनपोषणका लागि उनी आफ्ना किशोर छोरामाथि निर्भर थिइन्।

स्वयं पनि खानीमा काम गरेकी उनले यायालाई खानीबारे आफ्नै कारणले छोराले थाहा पाएको स्वीकार गर्छिन्। तर भन्छिन्, 'उसले मलाई त्यो क्षेत्रमा जाँदै छु भनेर भनेन। मैले थाहा पाएकी भए रोक्ने थिएँ।'

जब उनले दुर्घटनाबारे सुनिन् उनले 'एक्स्काभेटर चालकलाई बोलाइदिन' बिन्ती गरेको बताइन्। 'जब उनी आए उनले ती किशोरहरूलाई पुरेको माटो हटाए।' तर उनीहरूलाई बचाउन धेरै ढिलो भइसकेको थियो।

आमा जेन्हे गहिरो पीडामा छिन्। स्क्रीन फुटेको मोबाइलमा फोटो सार्दै उनले आफ्ना छोराको तस्बिर देखाइन् जो आमालाई सहायता होस् भनेर खानी गएका थिए।

बालबालिकाको सुरक्षाबारे वकालत गर्ने अभियानकर्मी शाह्र अन्सुमनले मलाई खानी पुरिएको क्षेत्रमा पु¥याए।

'यदि तपाईँले केही अभिभावकलाई सोध्नुभयो भने उनीहरूले अरू कुनै विकल्प नभएको बताउँछन्। उनीहरू गरिब छन्, कैयौँ विधवा छन् र एकल अभिभावक हुन्,' उनले भने।

'उनीहरूले आफ्नो बच्चाको रेखदेख गर्नुपर्छ। उनीहरूले बच्चालाई खानीमा जान र सुन खोज्न प्रेरित गर्छन्। हामी यसमा सङ्घर्ष गरिरहेका छौँ र सहायता खोजिरहेका छौँ। यो चिन्ताजनक छ र हाम्रो वशमा छैन।' तर चेतावनी व्यर्थ भइरहेको छ। याया र मोहमदको मृत्युले पनि ती खाडलहरू खाली भएका छैनन्।

उनीहरूको अन्तिम संस्कारपछि बालबालिकासहित खानीमा जानेहरू काममै फर्किएका छन्। उनीहरूका हातले बालुवा चालिरहेका छन् र सुनका साना कणहरू भेटिने आशामा जाँच गरिरहेका छन्।

एउटा खानी क्षेत्रमा मैले १७ बर्षे कोम्बा सिसे भेटेँ जो वकिल बन्न चाहन्थे तर उनी आफ्नी आमालाई सघाउन दिउँसो खानीमा घण्टौँ बिताउँछन्।

'यहाँ पैसा छैन,' उनी भन्छन्। 'हामी त्यही खोज्ने प्रयासमा छौँ। विद्यालयमा जाँच दिन पाउँछु भन्नकै लागि म यहाँ काम गरिरहेको छु। म विद्यालय फर्किन चाहन्छु। म यहाँ खुसी छैन।'

कोम्बाको कमाइ नगण्य छ। धेरै हप्ताहरूमा उनी करिब साढे तीन डलर जति कमाउँछन् जुन देशको न्यूनतम ज्यालाको करिब आधा रकम हो। तर उनी धनी हुनेमा दृढ छन्। केही बिरलै दिनहरूमा उनी ३५ डलरसम्म पनि कमाउँछन्।

उनलाई काम जोखिमयुक्त छ भन्ने पक्कै पनि थाहा छ। खानी पुरिँदा उनका साथीहरू घाइते भएका छन्। तर पैसा कमाउनका लागि खानी नै एकमात्रै विकल्प भएको उनलाई लाग्छ।

विद्यालय छोडेर खानीमा जाने विद्यार्थी मात्रै छैनन्।

रुजबेल्ट बुन्डो त्यहाँको जुनिअर सेकेन्डरी स्कुलका हेड शिक्षक हुन्। उनी भन्छन्, 'खानी क्षेत्रमा जानका लागि शिक्षकहरूले पनि कक्षाहरू छोड्छन्। विद्यार्थीसँगै उनीहरू पनि खानीमा सुन खोज्छन्।'

उनीहरूले सुन खानीबाट जति कमाउन सक्छन् सरकारले त्यति दिन सक्दैन।

खानी क्षेत्रमा धेरै परिवर्तनहरू पनि देखिएका छन्। दुई वर्षअघि साना शिविरहरू रहेका क्षत्र अहिले नगर जस्तो गरी विस्तार भइसकेको छ।

सरकारले यो मुद्दाको सम्बोधन गर्ने जनाएको छ। सूचना मन्त्री चेर्नो बाले बीबीसीसँग बोल्दै सरकार शिक्षाप्रति प्रतिबद्ध रहेको तर सरकारले मानिसहरूले सामना गर्ने थुप्रै चुनौतीको पहिचान गरेको बताए। 'हामी हाम्रो कुल गार्हस्थ्य उत्पादनको ८.९ प्रतिशत खर्च शिक्षामा गर्छौँ जुन यो क्षेत्रका अन्य देशले गरेको सबैभन्दा धेरै हो,' उनले भने। बजेट खासगरी शिक्षक, विद्यालय खाना कार्यक्रम र विद्यार्थीलाई कक्षामा अडाउने आशयका सहुलियत कार्यक्रममा खर्च हुने उनले बताए।

तर यथार्थमा अवस्था निकै फरक छ। नीतिलाई तात्कालिक बाँच्नुपर्ने कुराले जित्छ।

परोपकारी संस्था र स्थानीय अभियानकर्मीहरू विद्यार्थीलाई खानीका खाडलबाट बालबालिकालाई हटाउन खोजिरहेका छन् तर आम्दानीको भरपर्दो विकल्पबिना तिनै खाडल उनीहरूका लागि आकर्षक बनेका छन्।

दुई किशोरहरू गुमाएको गाउँमा परिवारहरू थकित र खोक्रो देखिन्छन्।

केवल दुई किशोरहरू मात्रै गुमेका छैनन्। पुस्तौँसम्म यस्तै हुनसक्ने सम्भावना देखिएको छ। 'हामीलाई मद्दत चाहिएको छ,' अभियानकर्मी शाहर अन्शुमन भन्छन्। 'प्रार्थना होइन। बाचा होइन। मद्दत।' बीबीसी

# प्रतिनिधिसभा निर्वाचनमा पर्यवेक्षण गर्न ३१ संस्थालाई अनुमति

**काठमाडौँ ।**

निर्वाचन आयोगले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको पर्यवेक्षण गर्न ३१ संस्थालाई अनुमति दिएको छ । आयोगले २७ राष्ट्रिय र चार अन्तरराष्ट्रिय संस्थालाई निर्वाचनमा पर्यवेक्षण गर्न अनुमति दिएको हो ।

आयोगले गत कात्तिक ११ गते प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को पर्यवेक्षण गर्न इच्छुक राष्ट्रिय तथा अन्तरराष्ट्रिय संस्थाबाट निवेदन आह्वान गरेको थियो । त्यसमा ४४ वटा राष्ट्रिय र पाँच वटा अन्तरराष्ट्रिय संस्थाबाट निवेदन प्राप्त भएको आयोगले जनाएको छ ।

पर्यवेक्षणका लागि आवेदन गरेका संस्थामध्ये निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७९ मा तोकिएका आधार र प्रक्रिया पूरा गरेका ती संस्थालाई पर्यवेक्षण गर्न अनुमति दिने गरी निर्णय भएको आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए ।

निर्वाचन पर्यवेक्षण निर्देशिका बमोजिम आवश्यक पर्ने कागजात पेस नगरेका संस्थालाई पाँच दिनभित्र थप कागजात बुझाउन पत्राचार गरिएको उहाँको भनाइ छ । माग भएबमोजिमका कागजात प्राप्त भएपछि आवश्यक ती संस्थाका बारेमा निर्णय हुने आयोगले स्पष्ट पारेको छ ।रासस

# गण्डकी प्रदेशस्तरीय सुरक्षा गोष्ठी सम्पन्न




**गण्डकी ।**

गृह मन्त्रालय र गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको संयुक्त आयोजनामा सोमवार पोखरामा गण्डकी प्रदेशस्तरीय सुरक्षा गोष्ठी सम्पन्न भएको छ।

गोष्ठीमा गृहमन्त्री ओमप्रकाश अर्याल, गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेलगायत सरकारी उच्चपदस्थ अधिकारी र सुरक्षा निकायका प्रमुख सहभागी थिए।

गोष्ठीमा प्रदेशको समग्र सुरक्षा अवस्थाको विश्लेषणसहित आगामी सुरक्षा रणनीति र कार्यदिशाका विषयमा छलफल भएको गृह मन्त्रालयका सहसचिव गोविन्द रिजालले जानकारी दिए।

फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्ष्य गरी निर्वाचन सुरक्षा योजनामा केन्द्रित रहेर छलफल भएको उनले बताए।

गोष्ठीमा गण्डकी प्रदेशका ११ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीले जिल्लाको सुरक्षा अवस्थाका बारेमा जानकारी गराएको कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले बताए।

गोष्ठीमा गृहमन्त्री अर्याल, गृहसचिव रामेश्वर दङ्गालगायत सुरक्षाका निकायका प्रमुखले निर्देशनात्मक भनाइ राखेको उनले बताए।

'विशेष गरी निर्वाचन सुरक्षा योजनाका विषयमा छलफल भयो, जेनजी आन्दोलनपछिको अवस्थामा सुरक्षा निकायलाई उच्च मनोबलका साथ काम गर्न गृहमन्त्रीज्यूले निर्देशन दिनुभएको छ', प्रजिअ शर्माले भने।

निर्वाचनका लागि एकीकृत सुरक्षा योजना लागू गरिएको र प्रदेश तथा जिल्लास्तरमा सुरक्षा अवस्थाको विश्लेषण गरी निर्वाचन सुरक्षा रणनीति तय गर्न गोष्ठीले सहयोग पु¥याउने गृह मन्त्रालयले जनाएको छ ।रासस

# कृषि क्षेत्रको समस्या समाधान गर्न सरकार तत्पर छः कृषि मन्त्री परियार

**काठमाडौँ।**

कृषि तथा पशुपन्छी विकासमन्त्री डा मदन परियारले कृषि क्षेत्रमा देखिएका समस्या समाधान गर्न सरकार तत्पर रहेको बताएका छन।

ललितपुरमा सोमवार आयोजित 'नेपाल फुड फोरम–२०२५' को उद्धाटन सत्रमा उनले व्यवसायीकरण र प्रतिस्पर्धी बजारको विकासमा देखिएका समस्या समाधान गर्न सरकारले काम गरिरहेको बताए । उनले कृषि व्यवसायलाई संस्थागत गर्ने, ग्रामीण अर्थतन्त्रलाई पुनरुत्थान गर्ने र नेपालभर दिगो विकासलाई अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरे।

उनले भने, 'कृषि लगानी दशक (२०२४–२०३४) को घोषणा मार्फत प्रदर्शित सरकारको प्रतिबद्धतालाई पनि दोहो¥याउन चाहन्छु, जसको उद्देश्य कृषि वित्तपोषण बढाउने र संरचनात्मक आर्थिक रूपान्तरणलाई तीव्र पार्ने हो, यस दशकको दृष्टिकोण र उद्देश्यहरूलाई अगाडि बढाउन सरकार तयार छ।'

मन्त्रालयले प्रभावकारी स्रोत परिचालन र लगानी बढाउन बलियो अन्तर एजेन्सी सहकार्य र साझेदारीको महत्त्वमा जोड दिंदै उनले कृषि खाद्य प्रणालीमा नवीनता, जलवायु स्मार्ट खेती, उद्यमशीलता, र प्रविधि सञ्चालित रूपान्तरण मार्फत, हामी कृषिलाई नेपालको आर्थिक विकासको मुख्यधारामा दृढतापूर्वक ल्याउन सक्ने प्रतिबद्धता पनि व्यक्त गरे। रासस

# हुलाक सेवालाई आधुनिक, व्यावसायिक र प्रतिस्पर्धी बनाइनुपर्छः सञ्चारमन्त्री खरेल



**काठमाडौँ।**

सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले हुलाक सेवालाई आधुनिक, व्यावसायिक र प्रतिस्पर्धी बनाइनुपर्नेमा जोड दिएका छन।

डिल्लीबजारस्थित गोश्वारा हुलाक कार्यालयको सोमबार अनुगमन तथा निरीक्षणका क्रममा मन्त्री खरेलले बदलिदो परिस्थितिलाई आत्मसात गरी हुलाक सेवालाई व्यावसायिक कार्ययोजनासहित अगाडि बढाइनुपर्ने बताए।

सञ्चारमन्त्री खरेलले भने, 'हामीले हुलाक सेवालाई अझ व्यावसायिक र प्रतिस्पर्धी बनाउनैपर्छ, हुलाकले कमाउन सक्नुपर्छ, हुलाकासँग अबको पाँच वर्षभित्रमा राज्य र जनतालाई योगदान गर्नसक्ने गरी कार्यान्वयनमुखी कार्ययोजना हुन आवश्यक छ ।' उनले 'स्मार्ट हुलाक' को कामलाई तीब्रताका साथ अगाडि बनाउन पनि निर्देशन दिए । सञ्चार सचिव राधिका अर्यालले स्मार्ट हुलाकका लागि नीतिगत र संरचनागत सुधारका पक्षमा पहल भइरहेको जानकारी दिंदै भने, 'स्मार्ट हुलाकको मापदण्ड स्वीकृतिका लागि मन्त्रालयमा प्रस्ताव आइसकेको छ, यो छिट्टै स्वीकृत भएर कार्यान्वयनमा जान्छ। यसवर्ष ५० वटा हुलाक कार्यालयलाई स्मार्ट हुलाक बनाउने गरी बजेट व्यवस्था भइसकेको छ।'रासस

# 'अबको निर्वाचनपछि बन्ने सरकारको नेतृत्व गर्नेगरी अगाडि बढ्नुपर्छ'




**धुलिखेल।**

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले नयाँ शक्तिहरू अबको निर्वाचनपछि बन्ने सरकारको नेतृत्व गर्नेगरी अगाडि बढ्नुपर्ने बताएका छन । काभ्रेपलाञ्चोकको बनेपामा सोमवार आयोजित उज्यालो नेपाल पार्टीको जिल्ला भेलामा उनले विकल्पिक शक्ति बन्ने भनेर आएका सबै मिलेर अगाडि बढ्नुपर्ने र त्यसको अगुवाई उज्यालो नेपाल पार्टीले गर्नुपर्ने बताए।

मन्त्री घिसिङले पार्टीमा सबैलाई जोड्दै अगाडि बढ्नसमेत नेतृत्वलाई आग्रह गर्दै काम गर्दा चुनौती आउने र त्यसलाई सामना गरेर अगाडि बढ्न सकेमा नै परिवर्तन सम्भव हुने धारणा राखे । 'जेन्जी पुस्ताको आन्दोलनपछि जुन हिसाबले यो सरकार परिवर्तन भएको छ, यसले गर्ने निर्वाचन पछिको सरकार कस्तो हुने भन्ने कुरा झन् महत्त्वपूर्ण छ', उनले भने 'त्यो सरकारको नेतृत्व वैकल्पिक शक्ति भन्नेहरु सबै मिलेर गर्नुपर्छ।

उज्यालो नेपाल पार्टीले त्यसको अगुवाइ गर्छ।'

कार्यक्रममा उक्त पार्टीका केन्द्रीय सदस्य ज्ञानेन्द्र तामाङले सामाजिक न्याय, सुशासन र समृद्धि ल्याउनका लागि आफैँ अनुशासित भएर लाग्न आवश्यक रहेको बताए। अर्का केन्द्रीय सदस्य शङ्कर ढकालले पार्टी मध्यमार्गी धारबाट अगाडि बढ्ने र कुलमानको नेतृत्वमा विद्युतको क्षेत्रमा अँध्यारोबाट उज्यालोतर्फ अगाडि बढाएजस्तै अब देशलाई अगाडि बढाउन भूमिका खेल्ने धारणा राखे।

केन्द्रीय सदस्य रिमा विश्वकर्माले दक्ष्य र योग्य व्यक्तिलाई जिम्मेवारी दिएर देश बनाउनका लागि लाग्नुपर्ने धारणा राखे । उनले आफ्नो पेसा र धर्म कलाकारिता भए पनि इमान्दार र लगनशील भएर धर्म पछ्याइरहँदा पनि परिवर्तनका लागि कलिला भाइबहिनीले राजनीतिक जागरणको बीउ रोपेकाले आफू पनि राजनीतिमा होमिएको बताए।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्यहरु जितराम लामा, ज्योत्सना सैंजु, सुमी लामालगायतले धारणा राखेका थिए। उज्यालो नेपाल पार्टीको जिल्ला भेलाले क्षितिज लामाको संयोजकत्वमा जिल्ला समिति गठन गरेको छ। त्यस्तै युवा हेर्ने कमितिको संयोजकमा निशान्त रत्न बास्ताकोटी र सहसंयोजकमा अविरल लामालाई जिम्मा दिएको र समितिलाई पछि पूर्णताः दिइने पार्टीका केन्द्रीय सदस्य जितराम लामाले बताए।रासस

# एमाले महाधिवेशनस्थलः साजसज्जाले चिटिक्क प्रविधिको उच्चतम प्रयोग

**काठमाडौँ।**

नेपाल कम्युनिष्ट पार्टी (एमाले)को ११औँ राष्ट्रिय महाधिवेशनस्थल प्रदर्शनीमार्गस्थित भृकुटीमण्डपमा प्रवेश गर्ने बित्तिकै विभिन्न गीत÷सङ्गीतका धुन सुनिन्छ। कार्यक्रम स्थलमा राष्ट्रियगान, लोक, आधुनिक, शास्त्रीय सङ्गीतको सुमधुर ध्वनी गुञ्जिरहेको सुनिन्छ।

महाधिवेशन स्थल प्रवेश गर्ने बित्तिकै सुन्दर साजसज्जा देखिन्छन् । महाधिवेशन प्रतिनिधि हिंड्ने बाटो छुट्टै निर्माण गरिएको छ । महाधिवेशनस्थलका फूलबारीमा प्रजा परिषद्देखि सम्पूर्ण कम्युनिष्ट पार्टीको संस्थापकका तस्बीर र इतिहास लिखित 'बोर्ड' राखिएका छन्। महाधिवेशनस्थलमा नेपाल कम्युनिष्ट पार्टीका संस्थापक पुष्पलाल श्रेष्ठ, मनमोहन अधिकारी, मदन भण्डारी गरी तीनै जनाको तस्बीर एकै ठाउँमा राखिएको छ।

महाधिवेशन प्रतिनिधि हिंड्ने बाटो आसपासमा नेपाल कम्युनिष्ट पार्टीको ७६ वर्षको इतिहास झल्काउने सम्पूर्ण जानकारी राखिएको छ । विश्व सम्पदा सूचीमा सूचीकृत भक्तपुरको चाँगुनारायण मन्दिरको तस्बिर पनि राखिएको छ । नेकपा (एमाले) भक्तपुर जिल्ला कमिटी सदस्य तथा महाधिवेशन प्रतिनिधि अनिता पाण्डेले महाधिवेशन स्थलको व्यवस्थापनमा स्वयम्सेवकको भूमिका प्रशंसनीय, सूचना प्रविधिको उच्चतम प्रयोग र नेपालको संस्कृति झल्किने सुन्दर सजावट लागेको बताए।

'विगतको महाधिवेशनभन्दा अहिलेको महाधिवेशन फरक छ, महाधिवेशन स्थलमा समग्र नेपालको संस्कृति झल्किने गरी स्टल तयार गरिएको छ,' उनले भने, 'महाधिवेशनको उद्धाटन स्थलमा नै विश्व सम्पदा सूचीमा सूचीकृत चाँगुनारायणको मन्दिरलाई स्टेजमै सजाएको थियो, यहाँ पनि सुन्दर तरिकाले सजाइएको छ ।'पाण्डेलाई मात्रै होइन झापाबाट प्रतिनिधि आएका गणेश ढकाललाई पनि महाधिवेशनस्थल अत्यन्तै सुन्दर तरिकाले सजाइएको र व्यवस्थित लाग्यो । 'एमालेको महाधिवेशनस्थल सोचेभन्दा राम्रो, व्यवस्थित र भव्य लाग्यो,' उनले भने, 'बस्न र कुराकानी गर्ने पर्याप्त ठाउँ छ, खाना पनि मिठो र सफा छ।'

महाधिवेशन स्थलभरी पार्टीका झण्डा फरफराइरहेका छन् । महाधिवेशन प्रतिनिधिलाई स्वास्थ्य उपचारका लागि छुट्टै कक्षको व्यवस्था गरिएको छ । महाधिवेशन स्थललाई व्यवस्थित र सभ्य बनाउन स्वयंसेवकहरु जताततै खटिएका छन् । खाजा र खानाका लागि पर्याप्त स्टलहरुको व्यवस्था गरिएको छभने त्यसमा पनि मुस्लिम समुदायका लागि छुट्टै स्टलको व्यवस्था गरिएको छ।

महाधिवेशनस्थलभित्रको बगैँचामा बस्न, आन्तरिक भेटघाट र छलफलका लागि बस्ने खुल्ला स्थानको व्यवस्था गरिएको छ । महाधिवेशन स्थलमा सूचना प्रविधिको प्रयोग पनि गरिएको छ । विद्युतीय भोटिङ् मेसिन ९० वटा छन् । 'म भोटिङ् मेसिनबाट मतदान गर्छु' भनेर एउटा ठूलो कक्ष तयार पारिएको छ।

महाधिवेशनको हल आकर्षक ढङ्गबाट सजाइएको छ। हल प्रवेश गर्ने स्थानमा स्वागतद्वार बनाइएको छ । प्रवेशद्वारमै प्रतिनिधिको 'क्युआर' परीक्षण गरेर मात्र भित्र जान सकिने व्यवस्था छ । जसले गर्दा प्रतिनिधिभन्दा बाहिरको मानिसलाई प्रवेश नदिने व्यवस्था मिलाइएको छ।

यही मङ्सिर २७ गतेदेखि सुरु भएको महाधिवेशनमा सहभागी हुन आउने पार्टी प्रतिनिधिसहित नेता तथा कार्यकर्ताबीचको भेटघाट, छलफल, चुनावी बहस र प्रचारप्रसारले तीव्रता पाउँदा चहलपहल बढेको छ।

'निर्णायक राष्ट्रिय शक्ति निर्माण हाम्रो सङ्कल्प, समृद्ध नेपाल र सुखी, नेपाली राष्ट्रिय गन्तव्य' भन्ने नारा महाधिवेशन स्थलको ठाउँ–ठाउँमा राखिएको छ । एमालेको महाधिवेशन स्थलमा एउटा छुट्टै रौनक छाएको छ। रासस

# गण्डकी प्रज्ञा प्रतिष्ठान आठ महिनादेखि पदाधिकारीविहीन

**गण्डकी।**

गण्डकी प्रज्ञा प्रतिष्ठान विगत आठ महिनादेखि पदाधिकारीविहीन अवस्थामा छ । यसअघि चार वर्षका लागि नियुक्त पदाधिकारी तथा सदस्यहरूको कार्याकाल गत वैशाख १५ गते सकिएको थियो । कुलपतिसहित सबै प्राज्ञसभा सदस्यहरूको नियुक्तीका लागि गत वैशाख २७ गते गण्डकी प्रदेश सरकारको सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालयले दरखास्त माग गरेकामा अहिलेसम्म नियुक्ती हुन नसकेको हो।

प्रतिष्ठानका निवर्तमान सदस्यसचिव मनकुमार श्रेष्ठले प्रतिष्ठानमा रहेका २४ वटै पद अहिले रिक्त रहेको बताए । 'कुलपति, उपकुलपति, सदस्यसचिवसहित विभिन्न विभागका प्रमुख र सदस्यमा गरी ९५ जनाको आवेदन परेको छ, तर मन्त्रालयले अहिलेसम्म नियुक्तीको प्रकृया अगाडि बढाएको छैन', उनले भने 'प्रतिष्ठान नेतृत्वविहीन हुँदा योजना र कार्यक्रम कार्यान्वयन प्रभावित भइरहेको छ।'

सिङ्गो प्रदेशको भाषा, कला, संस्कृति आदिको उत्थानमा क्रियाशील हुनुपर्ने संस्था लामो समयसम्म नेतृत्वविहीन हुनु दुःखद् रहेको उनको भनाइ छ । सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री विन्दुकुमार थापाले अब छिट्टै नियुक्तीको प्रकृया सुरु हुने बताए । 'कुलपतिसहित सबै पदमा दरखास्त परिसकेको छ, विविध कारणले नियुक्तीमा ढिलाइ भएको हो, अबको एकदुई हप्तामा नियुक्तीको प्रकृया टुङ्गिन्छ', उनले भने।

गण्डकी प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालनसम्बन्धी ऐनमा कुलपतिका लागि शैक्षिक योग्यता स्नातकोत्तर तोकिएको छ।

उपकुलपति र सदस्यसचिवका लागि स्नातक र सदस्यहरूका लागि कक्षा १२ वा सो सरह उत्तीण हुनुपर्ने व्यवस्था छ । प्रतिष्ठानमा नियुक्त हुने व्यक्ति ३५ वर्ष पूरा भई भाषा, साहित्य, कला र संस्कृति सम्बन्धी क्षेत्रमा सिर्जना, अध्ययन तथा अनुसन्धान गरी सम्बन्धित विषयमा ख्याती आर्जन गरेको हुनुपर्ने प्रावधान ऐनमा छ ।रासस

# महानगरको प्राथमिकतामा खर्च कटौती पुँजीगत लगानी र सेवा सुधारः प्रमुख शाह

**काठमाडौँ।**

काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र शाहले महानगरले कार्यालय सञ्चालन खर्च घटाउँदै पुँजीगत खर्चलाई विशेष महत्व दिएर बढाउने नीति अपनाएको बताएका छन।

काठमाडौँ महानगरपालिकाको ३१औँ स्थापना दिवसको अवसरमा सोमवार आयोजित कार्यक्रममा प्रमुख शाहले बहाल करको क्षेत्र विस्तार गरिएको र नागरिकबाट सङ्कलित राजस्व नागरिककै सामूहिक हितमा प्रयोग भइरहेको स्पष्ट पारे । उनले महानगरको कार्यसम्पादन र प्रगतिबारे कार्यक्रममार्फत जानकारी दिए।

प्रमुख शाहका अनुसार महानगरबाट धुलोरहित सडक कार्यक्रमअन्तर्गत ५५ किलोमिटर सडक सुधार सम्पन्न भएको छ । ६२ चोकमा हाईमास्ट लाइट जडान गरिएका छन्। साथै पाँच हजार ३१८ पोलमा १३ हजार ३४० बत्ती जडान गरी रात्रिकालीन सहरी सौन्दर्य विस्तार गरिएको छ । गत आर्थिक वर्षमा दुई अर्ब ८६ करोड रुपैयाँ बराबरका पूर्वाधार योजना सम्पन्न भएका छन्। करिब ९१ करोड रुपैयाँको लागतमा सम्पदा संरक्षणका काम हुँदा २७६ मूर्त सम्पदा आयोजना र १२५ अमूर्त सम्पदा कार्यक्रम सञ्चालन गरिएका प्रमुख शाहले जानकारी दिए।

महानगर प्रमुख शाहका अनुसार महानगरले हालसम्म २३ अर्ब रुपैयाँ बराबरको २०८ रोपनी सार्वजनिक जग्गा फिर्ता गरिसकेको छ। आगामी दिनमा करिब दुई खर्ब रुपैयाँ बराबरको एक हजार ८५९ रोपनी जग्गा अतिक्रमणमुक्त गराउने लक्ष्य रहेको उनले बताए। उनले स्थानीय स्रोतसाधन र सीपको अधिकतम प्रयोग गर्दै रैथाने सीपलाई आयमा रूपान्तरण गर्न 'एक वडा–एक कार्यक्रम' सञ्चालन भइरहेको जानकारी दिए।

महानगर प्रमुख शाहले आर्थिक, सामाजिक र पूर्वाधार विकास, सुशासन तथा प्रशासनिक सुधार महानगरका नियमित कार्यक्षेत्र भएको बताए । उनले प्राकृतिक सम्पदा र मानव–निर्मित सृजनाको संरक्षण, संवद्र्धन र प्रवद्र्धनमार्फत सहरको सांस्कृतिक पहिचान जोगाउने, सहरी स्वच्छता र सरसफाइ विस्तार गर्ने तथा एकीकृत पूर्वाधार विकासमार्फत सेवा प्रवाहलाई सहज र चुस्त बनाउने महानगरको दायित्व भएको बताए।

महानगरले स्वास्थ्य, शिक्षा, रोजगारी प्रवद्र्धन, वातावरण सुधार र पूर्वाधार कार्यक्रमलाई थप प्राथमिकतासहित कार्यान्वयनमा ल्याएको जनाएको छ। स्वास्थ्यतर्फ एक हजार ८६ विपन्न नागरिकलाई उपचारका लागि सिफारिस गरिएको, २१० जनाको निःशुल्क उपचार गरिएको तथा ३२ वडामा स्वास्थ्य प्रवद्र्धन केन्द्रसहित ३५ स्वास्थ्य संस्था र जनस्वास्थ्य प्रयोगशाला स्थापना गरिएको प्रमुख शाहले जानकारी दिए।

यस्तै, विद्युतीय शासनअन्तर्गत इ–सिफारिस र इ–कार्यालय प्रणाली कार्यान्वयनमा ल्याइएको छ । यसैगरी १५२ आगलागीका घटना र १४३ जोखिमयुक्त रुख व्यवस्थापन गरिएको महानगरले जनाएको छ । सहरी योजना आयोगमार्फत १६४ योजनाको विस्तृत डीपीआर तयार गरिएको छ भने ६ अर्ब ३३ करोड ५८ लाख रुपैयाँ को लागत अनुमान भएका २५१ योजना बोलपत्रमार्फत खरिद हुँदा एक अर्ब २३ करोड रुपैयाँ बचत भएको उनले जानकारी दिए।

'महानगरमा कल सेन्टर र हेलो सरकारमार्फत प्राप्त नौ हजारभन्दा बढी गुनासामध्ये अधिकांश फछ्र्यौट गरिएका छन् । तीस हजार ३२३ ज्येष्ठ नागरिकलाई मासिक चार हजार रुपैयाँका दरले सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ', उनले भने।

प्रमुख शाहले तत्कालीन, मध्यकालीन र दीर्घकालीन योजनाको प्रभावकारी कार्यान्वयनबाट महानगरवासीलाई काठमाडौँमा बसोबास गरेको गर्व हुने वातावरण बनाइने प्रतिबद्धता व्यक्त गरे । त्यसका लागि उहाँले सङ्घ, प्रदेश, विकास साझेदार, नागरिक समाज र निजी क्षेत्रसँग सहकार्यको अपेक्षा व्यक्त गरे ।रासस

# सुन्तला खेतीले फेरिँदै भोजपुरका किसानको जीवनस्तर



**भोजपुर।**

यहाँका किसानका लागि सुन्तला खेती आम्दानीको भरपर्दो आधार बन्दै गएको छ । व्यावसायिक रूपमा सुन्तला उत्पादन गर्दै आएका यहाँका किसानले बजार विस्तारसँगै राम्रो मूल्य पाउन थालेपछि आर्थिक रूपमा सबल बन्दै गएका छन् । सडक पहुँच विस्तार भएपछि स्थानीय बजारमा मात्र सीमित रहेको सुन्तला अहिले बाहिरी जिल्लासम्म पुग्न थालेको हो।

विगतमा यातायात सुविधा नहुँदा स्थानीय बजारमै भर पर्नु परेकोमा अहिले बगानमै ठेकेदार आएर सुन्तला खरिद गर्ने अवस्था बनेको टेम्केमैयुङ गाउँपालिका–५ खावा केराबारीका किसान देवराज राईले बताए । हाल २२ रोपनी क्षेत्रमा करिब २०० वटा सुन्तलाका बोट लगाएर व्यावसायिक खेती गर्दै आएका राईले वार्षिक रूपमा करिब पाँच लाख रुपैयाँ आम्दानी गर्दै आएका छन।

'अहिले सुन्तलाको मुख्य सिजन हो,' उनले भने, 'गाउँभरि सुन्तला बिक्री भइरहेको छ । मैले प्रत्येक वर्ष करिब पाँच लाख रुपैयाँ बराबरको सुन्तला बिक्री गर्दै आएको छु।'

यस क्षेत्रका करिब १२० घरपरिवारले व्यावसायिक रूपमा सुन्तला खेती गर्दै आएका छन्।

बगान नै एकमुष्टमा ठेकेदारलाई बिक्री गर्न पाइने भएकाले खुद्रा बिक्रीको झन्झट कम भएको राईको भनाइ छ । सडकका कारण गाउँघरमा फलेको सुन्तला धरान, इटहरी, विर्तामोड, विराटनगर, काठमाडौँलगायतका मुख्य शहर, बजारमा जाने गरेको छ । एक पटक रोपिसकेपछि लामो समयसम्म उत्पादन लिन सकिने भएकाले सुन्तला खेती किसानको रोजाइमा परेको हो।

सुन्तला खेती वडाबासीको प्रमुख आम्दानीको स्रोत बनेपछि खेती प्रवर्द्धनका लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन भइरहेको टेम्केमैयुङ–५ का वडाध्यक्ष सुनिल राईले जानकारी दिए । उनका अनुसार सुन्तला खेतीलाई प्राथमिकतामा राख्दै पकेट क्षेत्र निर्धारण गरेर वडाले सहयोग गर्दै आएको छ । वडाध्यक्ष राईले भने, 'यहाँका किसानले सुन्तलाको बिक्रीबाट मनग्य आम्दानी गर्दै आएका छन् । खेती प्रवद्र्धनका लागि वडाले आवश्यक सहयोग गरिरहेको छ।'

कृषि पकेट कार्यक्रम अन्तरगत गत वर्ष वडाले दुई लाख रुपैयाँ बजेट विनियोजन गरी किसानलाई उन्नत जातका सुन्तलाका विरुवा वितरण गरेको थियो।

भोजपुर जिल्लाका सबै स्थानीय तहमा सुन्तला उत्पादन हुने भए पनि विशेष गरी टेम्केमैयुङ गाउँपालिकाको खावा, केराबारी, अन्नपूर्ण, छिनामखु, कोट, गोगने, भोजपुर नगरपालिकाको दावा, बोमिख, पोखरे, षडानन्द नगरपालिका, हतुवागढी गाउँपालिका र रामप्रसादराई गाउँपालिकामा सुन्तला उत्पादन बढी हुने गर्छ।

कृषि ज्ञान केन्द्र भोजपुरका अनुसार गत वर्ष जिल्लामा छ हजार २९३ मेट्रिकटन सुन्तला उत्पादन भएको थियो । हाल उत्पादन बजारमा बिक्री भइरहेकाले विवरण सङ्कलन भइरहेको छ ।रासस

# मोरोक्कोमा आएको आकस्मिक बाढीबाट १४ जनाको मृत्यु

मोरोक्कोको अटलान्टिक तटीय प्रान्त साफीमा परेको भीषण वर्षा तथा आकस्मिक बाढीका कारण कम्तीमा १४ जनाको ज्यान गएको छ भने ३२ जना घाइते भएका छन् । स्थानीय निकायले आइतबार जारी गरेको वक्तव्यमा यसबारे जानकारी दिएका हुन् ।

वक्तव्यअनुसार करिब एक घण्टाको अवधिमा परेको तीव्र मेघगर्जनसहितको वर्षाले प्रान्तका विभिन्न क्षेत्रमा आकस्मिक बाढी निम्त्याएको हो । यसका कारण दर्जनौँ आवासीय घर तथा व्यापारिक प्रतिष्ठानहरू जलमग्न भएका छन्।

यसअघि राष्ट्रिय समाचार संस्थाले सार्वजनिक गरेको विवरणअनुसार साफी नगरमा करिब ७० घर तथा व्यापारिक भवनहरूमा बाढी पसेको थियो भने १० वटा सवारी साधन बाढीले बगाएको थियो। बाढीका कारण सडक संरचनामा क्षति पुग्नुका साथै यातायात सञ्चालनमा व्यापक अवरोध सिर्जना भएको जनाइएको छ।

स्थानीय प्रशासनका अनुसार हाल बेपत्ता व्यक्तिहरूको खोजी कार्य निरन्तर जारी रहेको छ भने क्षतिग्रस्त सडक, यातायात व्यवस्था तथा सार्वजनिक सेवाहरू पुनः सञ्चालनमा ल्याउने प्रयास तीव्र रूपमा अगाडि बढाइँदै छन्। एजेनसी

# एनपिएलको सफल आयोजनापछि क्यानलाई आइसिसीको बधाई

**काठमाडौँ।**

अन्तरराष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) का अध्यक्ष जय शाहले नेपाल क्रिकेट सङ्घ (क्यान)लाई नेपाल प्रिमियर लिग (एनपिएल) सफलतापूर्वक सम्पन्न गरेकामा बधाई दिएका छन् । एनपिएलको दोस्रो संस्करण सफलतापूर्वक आयोजना गरी सम्पन्न गरेकामा आइसीसी अध्यक्ष शाहले क्यानका अध्यक्ष चतुरबहादुर चन्दलाई पत्राचार गर्दै बधाई दिएका हुन् । अध्यक्ष चन्दको नेतृत्वमा नेपाली क्रिकेट अर्को नयाँ उचाइमा पुग्ने उनले विश्वास व्यक्त गरेका छन् । एनपिएलले नयाँ खेलाडी मात्र उत्पादन गर्ने नभई अन्तराष्ट्रियस्तरमा आफूलाई बलियो बनाउँदै लैजानेमा अध्यक्ष शाहको विश्वास छ । एनपिएलले सङ्गठनात्मक व्यवस्थापन र क्रिकेटको गुणस्तरका दृष्टिले उदाहरणीय मापदण्ड स्थापित गरेको उल्लेख गर्दै अध्यक्ष शाहले भविष्यमा नेपालमा क्रिकेटको प्रवद्र्धन र विकासका लागि क्यानलाई निरन्तर सफलता मिलोस् भनी शुभकामना व्यक्त गरेका छन् ।रासस

# यु–१९ एसिया कपः बङ्गलादेशद्वारा नेपाल पराजित

**काठमाडौँ।**

एसिसी यु–१९ एसिया कप क्रिकेट प्रतियोगिताअन्तर्गत आजको खेलमा नेपाल बङ्गलादेशसँग पराजित भएको छ । बङ्गलादेशले नेपाललाई सात विकेटले हराएको हो।

युनाइटेड अरब इमिरेट्स (युएई) को दुबईस्थित द सेभेन्स रङ्शालामा बङ्गलादेशले टस जितेर पहिला फिल्डिङ रोजेको हो । नेपालले ब्याटिङ गर्ने क्रममा निर्धारित ५० ओभरको खेलमा ३१ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै एक सय ३० रन बनायो । एक सय ३१ रनको विजयी लक्ष्य बङ्गलादेशले २४ दशमलव ५ ओभरमा तीन विकेट गुमाउँदै पूरा ग¥यो । बङ्गलादेशका लागि जावाद अब्रारले ६८ बलमा सात चौका र तीन छक्काको मद्दतमा अविजित ७० रन बनाए । यस्तै कलाम सिद्दिकीले ६६ बलमा ३४ रन बनाए।

बलिङतर्फ नेपालका लागि अभिशेख तिवारी र युवराज खत्रीले समान एक एक विकेट लिए।

त्यसअघि नेपालले ब्याटिङ गर्ने क्रममा निर्धारित ५० ओभरको खेलमा ३१ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै एक सय ३० रन बनायो । नेपालका लागि अभिषेक तिवारीले सर्वाधिक ३० रन बनाए। त्यस्तै आशिष लुहारले २३ तथा साहिल पटेलले १८ रनको योगदान दिए।

बलिङतर्फ बङ्गलादेशका लागि एमडी सोबुजले तीन तथा साद इस्लाम, अजिजुल हाकिम र शाह्यिर अहमदले दुई दुई विकेट लिए । नेपाल यसअघि आफ्नो पहिलो खेलमा यही मङ्सिर २७ गते टेष्ट राष्ट्र श्रीलङ्कासँग आठ विकेटले पराजित भएको थियो । रासस

# हलेसी तुवाचुङमा पाँच मुरीभन्दा बढी बदाम फलाउने किसान पुरस्कृत



**खोटाङ।**

हलेसी तुवाचुङ नगरपालिकाले पाँच मुरीभन्दा बढी बदाम फलाउने किसानलाई प्रोत्साहन रकम वितरण सुरु गरेको छ । 'बदामखेतीमा विस्तार, पोषण सुरक्षा र आम्दानीको आधार' भन्ने नाराका साथ बदामखेती प्रवद्र्धन कार्यक्रम सञ्चालन गरेको यो नगरपालिकाले किसानलाई प्रोत्साहन रकम वितरण सुरु गरेको हो।

न्यूनतम् पाँच मुरी बदाम उत्पादन गर्ने किसानलाई दुई हजार ५०० रुपैयाँ तथा त्योभन्दा बढी उत्पादन गर्ने किसानलाई प्रतिमुरी ३०० रुपैयाँ का दरले प्रोत्साहन रकम प्रदान गर्ने गरिएको नगरप्रवक्ता कमल गिरीले जानकारी दिए । 'हाम्रो नगरपालिकामा यो वर्ष तीन हजार १२८ मुरी बदाम उत्पादन भएको छ । बदामखेतीलाई प्रवद्र्धन गर्न किसानलाई प्रोत्साहन रकम वितरण गरिएको हो', उनले भने, 'प्रोत्साहन रकम पाउनका लागि किसानले निवेदन दिनुपर्ने हुन्छ । निवेदनका आधारमा कृषि शाखाका कर्मचारी गएर मूल्याङ्कन गरेपछि पाँच मुरीभन्दा बढी बदाम फलाउने किसानलाई प्रोत्साहन रकम दिने गरेका हौँ।'

पहिलो चरणमा वडा नं ५ दुर्छिम, वडा नं ७ वहादेवस्थान र वडा नं ८ धितुङका किसानलाई नगरपालिकाको कार्यालयमा बोलाएर प्रोत्साहन रकम वितरण गरिएको नगरपालिकाले जनाएको छ । नगरपालिकाको कार्यालयले आयोजना गरेको सार्वजनिक सुनुवाइ कार्यक्रमको अवसर पारेर आइतबार दुर्छिमका १३ किसानलाई ६२ हजार २०० रुपैयाँ, महादेवस्थानका ४३ किसानलाई दुई लाख ३२ हजार ३०० रुपैयाँ र धितुङका १५८ जना किसानलाई सात लाख १० हजार ६०० रुपैयाँ प्रोत्साहन रकम वितरण गरिएको कृषि शाखा प्रमुख रविन भट्टराईले बताए। नगरपालिकाको कार्यालय टाढा पर्ने वडा नं २ डिकुवा र वडा नं ११ राजापानीका किसानलाई वडा कार्यालयमार्फत वितरण गर्ने योजना बनाइएको नगरपालिकाले जनाएको छ । वडा नं २ डिकुवाका २४ किसानले २६० मुरी तथा वडा नं ११ राजापानीका २४ किसानले २३१ मुरी बदाम उत्पादन गरेको जनाइएको छ।

कृषि शाखाले दिएको जानकारीअनुसार डिकुवाकाका किसानले एक लाख दुई हजार रुपैयाँ तथा राजापानीका किसानले ९३ हजार ३०० रुपैयाँ प्राप्त गर्नेछन् । सुक्खाग्रस्त क्षेत्रमा पर्ने यो नगरपालिकामा मात्र उत्पादन हुने बदामखेती प्रवद्र्धनका लागि नगरपालिकाले गत वर्षबाट प्रोत्साहन रकम वितरण कार्यक्रम ल्याएको हो।

परम्परागत (रैथाने) बाली प्रवद्र्धन कार्यक्रमअन्तर्गत बदामखेती गर्ने किसानलाई मूल्याङ्कनका आधारमा प्रोत्साहन रकम वितरण गर्दै आएको यो नगरपालिकामा यस वर्ष सबैभन्दा बढी धितुङका गोपाल बुढाथोकीले ४१ मुरी उत्पादन गर्नुभएको जनाइएको छ। जिल्लाको पश्चिमी क्षेत्रमा पर्ने यो नगरपालिकामा गत वर्षको तुलनामा यस वर्ष ४६ दशमलव ३५ प्रतिशतले बदाम उत्पादनमा वृद्धि भएको हो।

नगरपालिकाको अधिकांश भूभागमा उत्पादन हुने बदामखेतीलाई प्रवद्र्धन गर्दै ब्रान्डिङ गरेर बिक्री गर्ने योजनासहित किसानलाई प्रोत्साहन रकम उपलब्ध गराइएको नगरप्रमुख विमला राईले जानकारी दिईन । 'बदाम बिक्रीबाट नगरपालिकाका किसानले राम्रो आम्दानी गरिरहेका छन् । किसानले उत्पादन गरेका बदाम व्यवसायीले ठगेर अन्यत्र लैजाने गरेका छन् । त्यसलाई रोकेर किसानलाई प्रोत्साहन गर्दै ब्रान्डिङ गर्ने योजना बनाएका छौँ', उनले भने, 'हाम्रो नगरपालिकामा बदाम र गहत उत्पादनको प्रचुर सम्भावना छ।

रैथाने बालीका रूपमा उत्पादित बदाम र गहतलाई हाम्रो नगरपालिकाको विशेष उत्पादन बनाएर निर्यात गर्दै आम्दानीको स्रोत वृद्धि गर्ने लक्ष्य लिएका छौँ।'

हलेसी तुवाचुङ नगरपालिकाका किसानले उत्पादन गरेका अधिकांश बदाम स्थानीय तथा बाहिरबाट आएका ठेकेदारले खरिद गरेर जिल्लाकै त्रिधार्मिकस्थल हलेसी बजार, दिक्तेल, रभुँवाघाटमा लाग्ने माघेसङ्क्रान्ति मेला, बराहपोखरी मेला, दिक्तेल बजार, छिमेकी जिल्ला ओखलढुङ्गामा बिक्री गर्न लैजाने गरेका छन् । जिल्लाका १० स्थानीय तहमध्ये यो नगरपालिकामा मात्र बदामखेती हुँदै आएको छ।

विश्वप्रसिद्ध त्रिधार्मिकस्थल हलेसी आसपासका क्षेत्रमा उत्पादित बदाम कोसेलीका रूपमा पनि प्रयोग हुने गरेको छ । हिन्दू, बौद्ध र किरात धर्मावलम्बीको सङ्गमस्थल हलेसी आउने भक्तजन तथा दर्शनार्थीले कोसेलीका रूपमा यहाँ उत्पादित बदाम लैजाने गरेको व्यवसायीहरूले बताएका छन्।

नगरपालिका क्षेत्रभित्र उत्पादित कृषि उपजलाई प्रवद्र्धन तथा बजारीकरण गर्दै नगरवासीको आयआर्जनमा वृद्धि गर्न हलेसीस्थित ट्राफिकचोकमा चिस्यान केन्द्रसहितको कृषि सङ्कलन केन्द्रसमेत सञ्चालन गरिएको छ । आयातित कृषि उपजलाई निषेध गर्दै स्थानीय कृषि उपज प्रवद्र्धन गर्ने उद्देश्यले लगानीमा कृषि सङ्कलन केन्द्र स्थापना गरेर सञ्चालन गरिएको नगरपालिकाले जनाएको छ ।रासस

स्रोतका आधारमा तय गरिने उनि बताउछन।

माहुरीपालक किसानलाई बजारको कुनै समस्या छैन। अहिले पनि बजारको मागलाई पूरा गर्न

# महबाटै करोडको कारोबार गर्नुहुन्छ विनोद हमाल

**कैलाली ।**

परिश्रम गरे स्वदेशमै मनग्य आम्दानी गर्न सकिन्छ भन्ने एक उदाहरण हुनुहुन्छ दाङको तुलसीपुर उपमहानगरपालिका–६ मदन नगरका विनोद हमाल । व्यावसायिक माहुरीपालनबाट बर्सेनि करोडौँको कारोबार गर्दै आएका हमाल व्यवसायीमात्र होइन समाजका लागि एक प्रेरणा पनि छन ।

विसं २०५५ देखि माहुरीपालन व्यवसाय गर्दै आएका उनैबाटै सिकेको सीपबाट कैयौँ युवाहरू माहुरीपालन व्यवसायमा संलग्न भएका छन । त्यो समयमा १२–१५ जना माहुरीपालक किसान रहेका दाङमा अहिले चार–पाँच सय युवा त्यसैमा भविष्य खोजिरहेको हमाल बताउछन । 'सुरुमा सीमित व्यक्ति मौरीपालनमा थियौँ । अहिले दाङमा मात्र चार–पाँच सय जना पुगिसक्नुभएको छ', उनी भन्छन, 'थोरै लगानीले मनग्य आम्दानी दिने भएपछि युवाहरूको आकर्षण बढ्दै गएको छ ।'

दाङदेखि कैलालीसम्मका तराईका जिल्लामा घुमिरहने अनि माहुरीका घार घुमाइरहने हमाल यतिबेला कैलालीको भजनी नगरपालिकामा पुगेकाछन । उनले कैलाली र बर्दियाका विभिन्न ठाउँमा पाँच सय माहुरीका घार तोरी



फुलेका खेतहरूमा राखेका छन । 'आजभोलि तोरीको फूल जता फुल्यो त्यतै माहुरीका घार बोकेर हिँड्ने गरेका छौँ', उनि भन्छन, 'तोरीको सिजन सकिएपछि जता फूल फुल्यो माहुरी घार त्यतै पुग्छन् ।' उनका अनुसार कैलालीलगायतका तराईका जिल्लामा बर्सेनि तोरी फुल्ने समयमा दाङबाट दर्जनौँ मौरीपालक किसान माहुरीका घार बोकेर आउने गरेका छन् । उहाँहरू कैलाली, बर्दिया, बाँके, दाङका विभिन्न क्षेत्रमा माहुरीका घार बोकेर चराउन जाने गर्छन् । मौरीका लागि उपयुक्त हावापानी भएका कारण दाङमा माहुरी व्यवसाय फस्टाएको पाइन्छ । 'दाङको हावापानी माहुरीका लागि राम्रो छ । तोरी अनि मकैखेती राम्रो हुने हुँदा पनि मौरी व्यवसाय राम्रो भएको पाइन्छ', हमाल भने, 'तोरी र मकैको फूल माहुरीको चरनका लागि निकै महत्त्वपूर्ण मानिन्छ ।'

स्वर्गद्वारी विकन्सर्न प्रालिमार्फत माहुरीपालन गर्दै आउनुभएका हमालले १५ जनालाई प्रत्यक्ष रोजगारी दिएका छन भने अप्रत्यक्ष रूपमा सयौँ व्यवसायसँग जोडिएका छन् । हमालले एक वर्षमा एक लाख केजीसम्म मह उत्पादन गरेर बिक्री गर्दै आएको बताए । 'आम्दानी कति हुन्छ त्यो ठ्याक्कै भन्नुभन्दा पनि हामीले वर्षमा एक लाख केजी मह उत्पादन गर्छौं', उनि भन्छन, 'त्यो मह न्यूनतम पाँच सय रुपैयाँ प्रतिकेजीभन्दा बढीमा बिक्री गर्दै आएका छौँ ।' महको मूल्य पनि फूलको स्रोतका आधारमा तय गरिने उनि बताउछन ।

माहुरीपालक किसानलाई बजारको कुनै समस्या छैन । अहिले पनि बजारको मागलाई पूरा गर्न नसकिएको हमालको भनाइ छ । काठमाडौँलगायत देशका तीन क्षेत्रबाट महको व्यापार गर्दै आएका उनि धैरै उत्पादन कम्पनीमा नपुर्याएरै बिक्री हुने गरेको विनोद बताउछन। उनका परिवार नै माहुरी व्यवसायमा लागेको छ । पैसा कमाउनका लागि विदेश जान नपर्ने उहाँ बताउनुहुन्छ । "पैसा विदेशभन्दा स्वदेशमा धैरै छ । हामी जसरी खटिएर विदेशमा आठ घण्टा काम गर्छौंैँ, त्यसैगरी स्वदेशमा गरौँ त', उनि भन्छन, 'दश घण्टा कुरा गरेर अनि सामाजिक सञ्जाल चलाएर व्यतित गर्दा बाँकी दुईतीन घण्टा काम गरेजस्तो गएर पैसा कमाउन सकिँदैन । आम्दानी हुँदैन । व्यवसायमा दत्तचित्त भएर लाग्यो भने हरेक व्यवसायको स्वदेशमा सम्भावना छ ।'रासस

नसकिएको हमालको भनाइ छ । काठमाडौँलगायत देशका तीन क्षेत्रबाट महको व्यापार गर्दै आएका उनि धैरै उत्पादन कम्पनीमा नपुर्याएरै बिक्री हुने गरेको विनोद बताउछन। उनका परिवार नै माहुरी व्यवसायमा लागेको छ।

पैसा कमाउनका लागि विदेश जान नपर्ने उहाँ बताउनुहुन्छ । "पैसा विदेशभन्दा स्वदेशमा धैरै छ। हामी जसरी खटिएर विदेशमा आठ घण्टा काम गर्छौंैँ, त्यसैगरी स्वदेशमा गरौँ त', उनि भन्छन, 'दश घण्टा कुरा गरेर अनि सामाजिक सञ्जाल चलाएर व्यतित गर्दा बाँकी दुईतीन घण्टा काम गरेजस्तो गएर पैसा कमाउन सकिँदैन । आम्दानी हुँदैन । व्यवसायमा दत्तचित्त भएर लाग्यो भने हरेक व्यवसायको स्वदेशमा सम्भावना छ।'रासस

# प्रहरी वृत्त बौद्धको पुनर्निर्माण सम्पन्न

**काठमाडौँ ।**
भदौ २४ गतेको जेनजी आन्दोलनका क्रममा आगलागी भएर जलेको प्रहरी वृत्त बौद्धको भवन स्थानीयवासी एवं विभिन्न सङ्घसंस्थाको सहयोगमा पुनःनिर्माण सम्पन्न गरी आइतबारदेखि प्रयोगमा ल्याइएको छ । पुनःनिर्मित भवनको प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले उद्घाटन गरेका थिए । कार्यक्रममा प्रहरी परिसर काठमाडौँका प्रमुख रमेश थापा, गोकर्णेश्वर नगरपालिकाका प्रमुख दीपककुमार रिसाल, काठमाडौँ महानगरपालिका–६ का अध्यक्ष भुवन लामा, पुनःनिर्माण समितिका अध्यक्ष जयमङ्गल लामालगायतले जेनजी आन्दोलनका क्रममा प्रहरी कार्यालयसहित सार्वजनिक निकायमा गलागीलगायतका कुकर्म गर्नेलाई सिसीटिभी फुटेज हेरेर कानुनी कारबाही गरिनुपर्नेमा जोड दिएका थिए ।रासस

# निर्वाचन ८० दिन बाँकीः चुनावी खर्च पारदर्शी बनाउने आयोगको प्रस्ताव

**काठमाडौँ।**
निर्वाचन आयोगले आगामी फागुन २१ गतेका लागि तय गरेको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि तय गरेको र हाल राय सुझावका लागि सार्वजनिक गरेको निर्वाचन आचारसंहिता– २०८२ मा केही नयाँ व्यवस्था थप गरेको छ।

खर्च वा आम्दानी सबै बैंक तथा वित्तीय संस्थामार्फत गर्नुपर्ने, सबै बिल तथा भरपाई राख्नुपर्नेलगायतका नयाँ व्यवस्था थप गरेको हो । निर्वाचनमा हुने खर्चको स्रोतको पारदर्शिता कायम गर्न यस्तो व्यवस्था गर्न लागिएको आयोगले जनाएको छ । आयोगले निर्वाचन खर्चसम्बन्धी आचरण शीर्षकमा राजनीतिक दल तथा उम्मेद्वारले मनोनयनपत्र दर्ता निर्वाचनमा आफूले खर्च गर्ने अनुमानित रकम र सो को स्रोत समेत खुलाउनुपर्ने उल्लेख गरेको छ । उम्मेद्वारले खर्च गर्दा बैंक तथा वित्तीय संस्थामा छुट्टै खाता खोली सोही खाताबाट गर्नुपर्नेछ । यस्तै निर्वाचन खर्चसम्बन्धी खर्च गर्दा निजको तर्फबाट खर्च गर्ने जिम्मेवार पदाधिकारी तोक्नुपर्नेछ । तोकिएका पदाधिकारीको नाम नामेसीसहितको विवरण निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचन कार्यालयमा जानकारी गराउनुपर्ने व्यवस्था गरिएको छ। प्रस्तावित आचारसंहितामा राजनीतिक दलले निर्वाचनसम्बन्धी खर्च गर्दा बैंक वा वित्तीय संस्थामा छुट्टै खाता खोली दलले तोकेको जिम्मेवार पदाधिकारीबाट सो खाताबाट मात्रै खर्च गर्नुपर्नेछ। यसैगरी रु २५ हजारभन्दा बढी आर्थिक सहयोग प्राप्त गर्दा बैंक वा वित्तीय संस्था मार्फत नै गर्नुपर्ने जनाइएको छ।

व्यक्ति वा संस्थाबाट स्वेच्छिक सहयोगका रुपमा नगद लिएमा सो रकम बुझेको रसिद वा भरपाई दिई बैंक वा वित्तीय संस्थामा जम्मा गराउनुपर्नेछ । खर्चको विवरणसमेत तथा बिल भरपाई राख्नुपर्नेछ। आम्दानी तथा खर्चको विवरण प्रचलित कानुन बमोजिम आयोगले तोकेका ढाँचामा जिल्ला निर्वाचन कार्यालय वा आयोगमा बुझाउनुपर्नेछ। आयोगले खर्चको बिल भरपाई तथा बैंक तथा वित्तीय संस्थामा रहेको खाताको विवरण पेस गर्न आदेश दिएमा सक्कल बिल भरपाई तथा बैंक वा वित्तीय संस्थाको खाताको विवरण पेश गर्नुपर्ने सो थप गरिएको व्यवस्थामा उल्लेख गरेको छ । निर्वाचन खर्चको विवरण निर्वाचन सम्पन्न भएपछि सार्वजनिक गरी प्रचलित निर्वाचनसम्बन्धी कानुनले तोकेको अवधिभित्र आयोग वा निर्वाचन कार्यालयमा पेस गर्नुपर्ने जनाइएको छ ।रासस

# भोजपुरमा आँखा शिविरमा करिव पाँच सयको उपचार, एक सय बढीको शल्यक्रिया

**भोजपुर ।**
विगत लामो समयदेखि आँखामा समस्या भएर राम्ररी देख्न नसक्ने वृद्धवृद्धाहरूले आँखा स्पष्ट देख्न थालेपछि शल्यक्रियामा खटिने चिकित्सकलाई आशीर्वाद दिएका छन् ।

पहाडी जिल्ला भोजपुरमा नेपाल नेत्रज्योती सङ्घद्वारा हालै आयोजित तीनदिने निःशुल्क आँखा शिविरमा मोतियाबिन्दु तथा समस्या हुने नागरिकको शल्यक्रिया मार्फत आँखाको ज्योती पुनः फर्किएपछि उनीहरु रमाएका हुन् ।

सेवा पाएका वृद्धवृद्धाले शल्यक्रियामा संलग्न विराटनगर आँखा अस्पतालमा कार्यरत डा रक्षा बस्नेतलाई आगामी दिनमा पनि यस्तै नागरिकलाई सेवा दिन आशीर्वाद दिए । शिविरमा डा बस्नेतलगायतका स्वास्थ्यकर्मीको टिमले एक सय १८ जनाको सफल शल्यक्रिया गर्‍यो । आँखाको शल्यक्रियापछि सेवाग्राहीले खुसी हुँदै भने, 'अब आँखा प्रष्ट देख्न पायौँ, हामीलाई खुसी लागेको छ ।'

भोजपुर नगरपालिका–१२ टक्सारको पुरानो डबलीमा सञ्चालन भएको निःशुल्क आँखा परीक्षण तथा शल्यक्रिया शिविरमा चार सय ९४ जनाको आँखा परीक्षण गरियो । आर्थिक अवस्था र घरायसी समस्याका कारण अन्यत्र उपचारका लागि जान नसक्ने जिल्लाका नागरिकलाई नजिकै तीनदिने शिविर सञ्चालन भएपछि राहत मिलेको नेपाल नेत्रज्योति सङ्घका कोषाध्यक्ष सम्झना प्रधानले बताए ।

नेपाल नेत्रज्योति सङ्घ आँखा तथा कान उपचार केन्द्रको आयोजना तथा विराटनगर आँखा अस्पतालको प्राविधिक सहयोगमा भोजपुर नगरपालिका–१२ मा भएको शिविरमा आँखा परीक्षण, मोतियाबिन्दुको शल्यक्रिया, मासु पलाएको, चश्माको पावर जाँचलगायत सेवा प्रदान गरिएको केन्द्रका प्रमखु विजय तामाङले जानकारी दिए ।

पहाडी जिल्लाहरुमा सञ्चालन गरिने शिविरमा आँखा अस्पताल विराटनगरले प्राविधिक सहयोग गर्दै आइरहेको छ । आँखा समस्या समाधानका लागि ठूला सहरमा जानुपर्दा बढी खर्च हुने गरेको अवस्थामा आफ्नै स्थानीयस्तरमा सञ्चालन हुने शिविर प्रभावकारी देखिने गरेको नेत्रज्योति सङ्घका सदस्य धर्मराज राईको भनाइ छ ।रासस

# पालिकास्तरीय बाल कचहरीः बालविवाह अन्त्य गर्न माग



**म्याग्दी ।**
धवलागिरि गाउँपालिका–३ मुनामा आइतबार सम्पन्न पालिकास्तरीय बाल कचहरीबाट बालअधिकारको सुनिश्चितता, संरक्षण तथा प्रवद्र्धन र बालविवाह न्यूनीकरणका लागि १० बुदे घोषणापत्र जारी भएको छ।

बाल क्लबका प्रतिनिधि, जनप्रतिनिधि, शिक्षकसम्बद्ध सङ्घसंस्था र सरोकारवालाबीच धवलागिरि गाउँपालिकामा रहेको बालबालिकासम्बन्धी समस्या र समाधान उपायका विषयमा छलफल गरी घोषणापत्र जारी भएको हो।

बालविवाह, विभेद, बाल मजदुरजस्ता सामाजिक कुसंस्कारका विरुद्ध सामूहिक आवाज उठाउन र त्यस्ता घटनाको न्यूनीकरणमा कटिबद्ध भएर लाग्ने, बालबालिकाको बाँच्न पाउने, संरक्षण, विकास र सहभागिताको नैसर्गिक अधिकारको परिपालनामा संवेदनशील र कार्यान्वयनमा प्रतिबद्ध रहने घोषणापत्रमा उल्लेख छ।

विद्यालयमा बालमैत्री वातावरण र भौतिक संरचनालाई बालमैत्री बनाउने, विद्यालयमा सरकारले उपलब्ध गराउने सेनेटरी प्याडको गुणस्तरीयतामा ध्यान दिने, बालविवाह गर्ने र गराउनेलाई कानुनी दायरामा ल्याउने, गुणस्तरीय शिक्षा कायम गराउने, बालबालिकामा अन्तर्निहित प्रतिभा प्रस्फुटनको अवसर दिलाउने प्रतिबद्धता जनाइएको छ।

विद्यालयमा दिवा खाजालाई पोषणयुक्त र आत्मनिर्भर बनाउन विद्यालयमै करेसाबारी बनाउने, विद्यालय तथा समुदायमा हुने सबै किसिमका विभेद तथा भेदभावविरुद्ध शून्य सहनशीलताको रणनीति अपनाइने घोषणापत्रमा उल्लेख छ।

गाउँ कार्यपालिकाको सामाजिक विकास समितिका संयोजक तथा वडा नं ३ का अध्यक्ष देवेन्द्र रोकाको अध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले बालअधिकारको संरक्षण र बालविवाह न्यूनीकरणमा जोड दिएको बताउँदै दिवाखाजा र छात्राबासका लागि आवश्यक तरकारी विद्यालयमै उत्पादन गर्ने अभ्यास सुरु भएको जानकारी गराए।

कार्यक्रममा सहभागी धवलागिरि मावि मुना, बुद्धि विकास मावि मुदी, लमसुङ, हेम नमूना आवासीय मावि र ताकम माविका छ–छ जना विद्यार्थीले जनप्रतिनिधि र सरोकारवालालाई गाउँपालिकामा बालअधिकारसम्बन्धी कार्यक्रम, बालविवाह न्यूनीकरण, विपन्न विद्यार्थीको शिक्षामा पहुँच, शैक्षिक गुणस्तरलगायतका विषयमा जिज्ञासा राखेका थिए।

गाउँपालिकाका उपाध्यक्ष पुन, सामाजिक विकास समितिका संयोजक रोका, प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्मा, स्वास्थ्य शाखा प्रमुख सम्झना खाती, शिक्षा शाखा प्रमुख ख्यामराज सुवेदी, महिला बालबालिका शाखाका पुष्पा दवाडी, ताकम प्रहरी चौकीका प्रमुख विक्रम तिवारीले जिज्ञासाको जवाफ दिनुभएको थियो।

गुड नेवर्स इन्टरनेसनलको आर्थिक तथा प्राविधिक सहयोगमा सङ्गम म्याग्दीद्वारा सञ्चालित एकीकृत विकास परियोजनाको आयोजनामा भएको कार्यक्रममा रामबहादुर रावतले बालअधिकारको अवस्था, चुनौती र आवश्यकताका विषयमा सहजीकरण गरेका थिए।

गुड नेवर्स इन्टरनेसनलको पर्वत कलस्टरका संयोजक रञ्जीतकुमार चौधरीले परियोजनाका बारेमा प्रकाश पार्दै स्वागत गरेका थिए । सङ्गम म्याग्दीले सन् २०१३ देखि धवलागिरि गाउँपालिकामा एकीकृत विकास परियोजना सञ्चालन गर्दै आएका परियोजनाका जीविकोपार्जन अधिकृत अनुषा लामिछानेले बताईन। सङ्गमले गल्स फस्ट फण्डको सहयोगमा धवलागिरि गाउँपालिकामा बालविवाह न्यूनीकरणसम्बन्धी छुट्टै अर्को कार्यक्रम पनि सञ्चालन गरेको छ ।रासस

# चौबिस घण्टामा देशभर २२ स्थानमा आगलागी

**काठमाडौँ ।**
राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार शनिबार बिहान १० बजेदेखि आइतबार बिहानसम्म देशभर कूल २५ वटा विपद्जन्य घटना घटेका छन् । ती घटनामध्ये सबैभन्दा बढी अर्थात् २२ वटा घटना आगलागीसँग जोडिएका छन् ।

कतै डढेलो त कतै भान्सामा खाना पकाउने ग्याँस लिक हुँदा आगो लागेको छ । बिजुली सर्ट भएर, असावधानी एवम् जनचेतनाका अभावमा पनि आगो लागेको प्राधिकरणको विवरणमा उल्लेख छ । रौतहटमा तीन, पाँचथर, झापा, कास्की र स्याङजाका दुई ÷दुई स्थानमा आगलागीका घटना घटेका छन् ।

मोरङ, भोजपुर, उदयपुर, सर्लाही, काठमाडौँ, स्याङजा, रुपन्देही, दाङ, अछाम र दार्चुलाका एक÷एक स्थानमा आगलागीका घटना घटेका छन् । हिउँदको समयमा आगो ताप्दा, सलाइको काटी खेलाउँदा र धानको कुन्युमा केटाकेटी खेल्दासमेत आगलागी भएको पाइएको छ । प्राधिकरणका अनुसार, काठमाडौँको दक्षिणकाली नगरपालिका–५ पूरानो दक्षिणकाली जंगलमा आगलागी भएको थियो । इलाका प्रहरी कार्यालय फर्पिङ टोली र स्थानीयको सहयोगमा डढेलो नियन्त्रण गरिएको थियो । पाल्पामा पहिरो, मोरङका दुई स्थानमा जङ्गली हात्तीले आक्रमण गरेको छ । त्यसमध्ये मोरङको सुन्दरहरैचा नगरपालिका १२ मा हात्तीको आक्रमणमा परेर एकको मृत्यु भएको छ । विपदमा परेर एक जनाको निधन र चार जना घाइते भएका छन् । विपद्जन्य घटनाका कारण कूल ७२ लाख ९०० बराबरको क्षति भएको अनुमान गरिएको छ ।रासस

# पालिकाबाट राष्ट्रिय परिचयपत्र वितरणहुँदा सेवाग्राहीलाई सहज



**तनहुँ।**
यहाँका पालिकाबाट चालु आर्थिक वर्षको तीन महिनामा पाँच हजार ३४० राष्ट्रिय परिचयपत्र वितरण गरिएको छ।

जिल्ला प्रशासन कार्यालयले यस अवधिमा १० हजार ५३६ राष्ट्रिय परिचयपत्र १० पालिकामा पठाएको प्रमुख जिल्ला अधिकारी रामकृष्ण अधिकारीले जानकारी दिए । अघिल्लो आव २०८१÷८२ मा ६४ हजार ६८१ राष्ट्रिय परिचयपत्र पठाइएकामा १३ हजार५५० वितरण भएका थिए।

चालु आवको तीन महिनामा व्यास नगरपालिकाबाट एक हजार २६५, भानु नगरपालिकाबाट एक हजार ८५१ मध्ये एक हजार ७२३, भिमाद नगरपालिकाबाट तीन सय २५ मध्ये २८, शुक्लागण्डकी नगरपालिकाबाट पाँच हजार २०० मध्ये तीन सय ४८, ऋषिङ गाउँपालिकाबाट एक हजार ६६६ मध्ये एक सय ५१, म्याग्दे गाउँपालिकाबाट दुई सय ६६, बन्दीपुर गाउँपालिकाबाट छ सय ७९, घिरिङ गाउँपालिकाबाट एक सय ९७, आँबुखैरेनी गाउँपालिकाबाट एक सय ७६, देवघाट गाउँपालिकाबाट पाँच सय सात परिचयपत्र वितरण गरिएको छ।

तीन महिनामा प्रशासन कार्यालयमा दुई हजार ६५९ महिला र दुई हजार ७२९ पुरुष गरी पाँच हजार ३८८ जनाको राष्ट्रिय परिचयपत्र विवरण सङ्कलन भएको प्रजिअ अधिकारीले जानकारी दिए । सम्बन्धित स्थानीय तहबाट वितरण गर्दा सहज हुने भएकाले पालिकामा पठाएर राष्ट्रिय परिचयपत्र वितरण गरिएको प्रजिअ अधिकारीको भनाइ छ। उनले भने, 'प्रशासन कार्यालयमा परिचयपत्र आउने तर सर्वसाधारण लिन नआउँदा थन्किएर बस्ने समस्या भयो । सोहीबमोजिम स्थानीय तहसँग समन्वय गरेर पालिकाबाटै वितरण थालेका हौँ।'रासस

# सिकारीको बन्दुक पड्किँदा...

**बागमती।**
मकवानपुरको मनहरी गाउँपालिका–६ स्थित सिस्नेरीपखेरा जङ्गलमा सिकार गर्न हिंडेका सिकारीको भरुवा बन्दुक पड्किंदा सहकर्मीको मृत्यु भएको छ।

जङ्गलमा मकवानपुरको राक्सिराङ गाउँपालिका–८ राजराङ्गका ४५ वर्षीय गोपाल ब्लोनले बोकेको भरुवा बन्दुक पड्किएर उहाँसँगै सिकार गर्न हिंड्नुभएका मनहरी गाउँपालिका–६ बालुभञ्जाङ निवासी ५० वर्षीय सेते थिङको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक पुष्कर बोगटीका अनुसार ब्लोन र सेते दुवै जनासँगै एकएक थान भरुवा बन्दुक बोकेर जङ्गलमा सिकार गर्न हिंडेकामा अगाडि हिंडिरहेका ब्लोन लहरामा अल्झिएर लडेपछि अचानक बन्दुक पड्किएको र पछिपछि आइरहेका थिङको बन्दुकको गोली लागेर घटनास्थलमै मृत्यु भएको हो।

घटनालगत्तै इलाका प्रहरी कार्यालय मनहरी र प्रहरी चौकी सुनाचरीबाट खटिएको प्रहरी टोलीले दुवै हतियारसहित ब्लोनलाई पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक बोगटीले बताए । मृतकको परीक्षणका लागि अस्पताल ल्याउने तयारी भइरहेको र घटनाबारे थप अनुसन्धान अघि बढाइएको प्रहरीको भनाइ छ।

**विद्युत् सर्ट भएर आगलागी हुँदा पाँच लाखको क्षति**

विद्युत् सर्ट भएर मकवानपुरको बकैया गाउँपालिका–९ कुडुलेमा गए राति आगलागी हुँदा करिब रु पाँच लाख मूल्यबराबरको क्षति भएको छ। स्थानीय प्रकाश थिङको घरमा कोही नभएको अवस्थामा विद्युत् सर्ट भई अचानक आगो लाग्दा घरभित्र रहेको भाँडावर्तन, अन्नपात, लत्ताकपडा, फर्निचरका सम्पूर्ण सामान जलेको प्रहरी प्रवक्ता बोगटीले जानकारी दिनुभयो । आगलागीबाट मानवीय क्षति नभएको र प्रहरी चौकी हात्तीसुडेबाट खटिएको प्रहरी टोली र स्थानीयको सहयोगमा आगो निभाइएको उहाँले बताउनुभयो । घटनाबारे थप अनुसन्धान भइरहेको छ ।रासस

# कोरलास्थित सीमाक्षेत्रमा संयुक्त गस्ती

**मुस्ताङ ।**
नेपाल–चीन उत्तरी कोरलानाकास्थित हिउँमै सीमाक्षेत्रको संयुक्त सुरक्षा गस्ती गरिएको छ । आइतबार अन्नपूर्ण संरक्षण आयोजना (एक्याप) लोमान्थाङसहित सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको संयुक्त टोलीले सीमाक्षेत्रको संयुक्त गस्ती सम्पन्न गरेको हो ।

हिउँदयायमा नेपाल–चीन सीमाक्षेत्रमा हुनसक्ने सम्भावित वन्यजन्तुको चोरी सिकारी तथा तस्करीका साथै सीमाक्षेत्रमा हुनसक्ने सम्भावित अपराध, अवैध क्रियाकलाप र अवान्छित गतिविधि नियन्त्रणका लागि एक्याप लोमान्थाङ कार्यालयका कर्मचारी प्रतिनिधिसहित सशस्त्र प्रहरी र नेपाल प्रहरीले संयुक्त सुरक्षा गस्ती गरेको एक्याप लोमान्थाङका कार्यालय प्रमुख उमेश पौडेलले जानकारी दिए । प्रमुख पौडेलसहित लोमान्थाङ–२ नेचुङमा रहेको सशस्त्र प्रहरी बोर्डर आउटपोस्ट (बिओपी) र नेपाल प्रहरी गरी करिब एक दर्जन टोली सेताम्मे हिउँमा माइनस डिग्री तापक्रमको प्रवाह नगरी कोरलास्थित सीमाक्षेत्रको संयुक्त सुरक्षा गस्तीमा खटिएका एक्याप लोमान्थाङले जनाएको छ । नेपाल–चीन उत्तरी सीमाक्षेत्रमा हिउँदयाममा पहिलो संयुक्त सीमा सुरक्षा गस्ती सुरु गरिएको हो । हिउँदयाममा सीमाक्षेत्र सुनसान हुने र यस्तो अवस्थामा सीमाक्षेत्रमा चोरी सिकारी र तस्करीलगायतका घटना हुनसक्ने भएकाले एक्यापसहितको सुरक्षा टोलीको कोरला क्षेत्रको संयुक्त सुरक्षा गस्ती गरेको एक्याप लोमान्थाङको भनाइ छ ।

संयुक्त सुरक्षा गस्तीको टोलीले उत्तरी नेपाल–चीन कोरलानाकाको २४ नम्बर सीमास्तम्भदेखि मनाङतर्फ पर्ने सीमास्तम्भ २५, २६, २७ र २८ नम्बर सीमाक्षेत्रमा पुगेर गस्ती गरेको हो । उपल्लो मुस्ताङमा गत कात्तिक १० गते भारी हिमपात भए पनि त्यसयता भएको छैन । यद्यपि नेपाल–चीन सीमाक्षेत्रमा कात्तिक १० गते परेको हिउँ यथास्थितिमै छ । त्यहाँ सीमाक्षेत्रमा कार्यरत सुरक्षाकर्मीको सहयोगमा एक्याप लोमान्थाङले संयुक्त सुरक्षा गस्ती प्रारम्भ गरेको जनाएको छ ।

हिउँदयामसँगै उपल्लो मुस्ताङमा चिसो अत्यधिक बढेको छ । उपल्लो मुस्ताङमा बिहान र बेलुकीपखको तापक्रम माइनस २० डिग्रीमा झर्ने गरेको छ । चिसोका कारण उपल्लो मुस्ताङका अधिकांश नागरिक जाडो छल्न बेँसी झरिसकेका छन् । सीमावर्ती क्षेत्रमा कार्यरत सुरक्षाकर्मी भने चिसो सहदै सीमा सुरक्षाका लागि खटिएका छन् । रासस

# प्रदेशसभा सदस्य दास चढेको स्कुटरमाथि नियोजित ठक्करको आरोप

**सिरहा ।**
मधेस प्रदेशसभा सदस्य तथा जनता समाजवादी पार्टी नेपालकी केन्द्रीय सदस्य ललिता दास 'विद्रोही'ले आफू चढेको स्कुटीलाई एम्बुलेन्सले नियतवश ठक्कर दिएर घाइते बनाएको आरोप लगाएकी छन ।

यही मङ्सिर २२ गते एम्बुलेन्सको ठक्करबाट गम्भीर घाइते भएकीले दासले सोमवार सञ्चारकर्मीसँग कुरा गर्दै ठक्कर दिएर आफूलाई अपहरणको शैलीमा जनकपुर पु¥याइएको आरोप लगाएका हुन ।



घटनामा उनको अनुहार, देब्रे आँखा र खुट्टामा चोटपटक लागेको छ । दासले भनिन, 'सायद ज्यानै लिने उद्देश्यले ठक्कर दिइयो । घाइते भएपछि नजिकै रहेको लहानमा रहेका अस्पतालमा उपचार गराउनुपर्नेमा झण्डै १०० किलोमिटर टाढा जनकपुर लगियो ।'

उनका अनुसार दुर्घटनापछि एम्बुलेन्स चालकसहित चार जनाले स्कुटीको डिक्की फोडेर 'ह्याण्डब्याग'मा रहेको करिब एक लाख ८५ हजार रुपैयाँ मूल्यको 'विभो एक्स–२०० प्रो' मोबाइल, दस आनाका दुई थान सुनका टप, एक थान घडी, नागरिकतालगायतका सामग्री लुटिएको छ ।

दासले सरकार गठनसम्बन्धी विषयमा चार–पाँच दिन जनकपुर बसेर २२ मङ्सिरमा लहान फर्किएको र सोही दिन अपरान्ह करिब चार बजे सप्तरीको सुरुङ–४ कदमाहा चोकतर्फ स्कुटीमा फर्किँदै गर्दा दुर्घटना भएको बताईन । 'जग्गा किनबेचको विषयमा कुरा गर्न गएका थियौँ । फर्किने क्रममा चहका पुल नजिक दुर्घटना भयो' उनले भनिन ।

घटनाबारे साथीले गस्तीमा रहेको इलाका प्रहरी कार्यालय भेडियाको टोलीलाई जानकारी गराएपछि प्रहरीले ट्र्याकिङ गरी आफूलाई जनकपुर पु¥याइएको पत्ता लगाएको उनको भनाइ छ । 'यदि प्रहरीको ट्र्याकिङ नभएको भए बाटोमै ज्यान लिने योजना थियो कि भन्ने शंका छ । यस विषयमा सम्बन्धित निकायमा जानकारी गराइसकेकी छु । प्रहरीलाई घटनाको सत्यतथ्य छानबिनका लागि आग्रह गरेकी छु', प्रदेशसभा सदस्य दासले भनिन ।

प्रहरीमा दिइएको उजुरीअनुसार प्रदेशसभा सदस्य दाससहित दुई जना सवार प्र २–०३–०२१ प ०२९४ नम्बरको स्कुटीलाई महोत्तरीको बर्दिवास नगरपालिका–१० निवासी करिब ३२ वर्षीय रामजनम राय यादवले चलाएको प्रदेश २–०२–००१ च ०२२७ नम्बरको एम्बुलेन्सले ठक्कर दिएको हो ।

दासले २६ मङ्सिरमा इलाका प्रहरी कार्यालय कडरबोनामा घाउजाँच केस फारमसहित चालक, एम्बुलेन्स धनीलगायतलाई अविलम्ब पक्राउ गरी घटनाको अनुसन्धान, उपचार खर्च, स्कुटी मर्मत खर्च तथा लुटिएको सरसामानको क्षतिपूर्ति दिलाउन माग गर्दै उजुरी दर्ता गराएकी छन । उनका अनुसार स्कुटीलाई ठक्कर दिएपछि राति करिब ९ बजे जनकपुरधामको रामानन्द चोकस्थित जानकी हेल्थकेयर प्रालि एण्ड टिचिङ् हस्पिटलमा भर्ना गरिएको थियो, जुन कुरा भोलिपल्ट बिहान होस खुलेपछि मात्र उनलाई थाहा भयो ।

एम्बुलेन्सको स्वामित्व रहेको अस्पताल पक्षले स्कुटी आफैँ आएर ठोक्किएको दाबी गरिरहेको प्रहरीको भनाइ छ । कडरबोना प्रहरी प्रमुख प्रहरी निरीक्षक जितेन्द्र रायले भने, 'दुवै पक्षका आ–आफ्नै दाबी छन् । सबै पक्षलाई एकै ठाउँमा राखेर बुझिसकेपछि मात्र यथार्थ खुल्नेछ ।' रासस

# प्रधानाध्यापक ठाकुरविरुद्ध भ्रष्टाचार मुद्दा

**काठमाडौँ ।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले धनुषाको विदेह नगरपालिका २, दुहबीस्थित शंकर जनता माविका प्रधानाध्यापक धनिकलाल ठाकुरविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

आयोगले आव ०७८/७९ मा आईसीटी ल्याब स्थापना तथा आव ०७९/८० को राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत विद्यालयमा आईटी ल्याब स्थापना तथा डिजिटल लाइब्रेरी सुदृढीकरण कार्यक्रममा रकम हिनामिना गरेको दाबीसहित आज मुद्दा दायर गरेको हो ।

प्रधानाध्यापक ठाकुरसँगै तत्कालीन लेखापाल अरुणकुमार कुशियैतविरुद्ध जनही आठ लाख ६२ हजार १५२ रुपैयाँ बिगो रकमसहित विशेष अदालतमा मुद्दा दायर भएको अख्तियारले जनाएको छ ।

अख्तियारले आज जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'आव ०७८/७९ को आईसीटी ल्याब व्यवस्थापनका लागि खरिद गरिएको ८७ हजार ५०० रुपैयाँबराबरको प्रोजेक्टर तथा आव ०७९/८० मा आईटी ल्याब व्यवस्थापनका लागि खरिद गरिएको एक करोड, २४ लाख ६५२ रुपैयाँबराबरको स्कुल सफ्ट्वेयर र स्ट्यान्ड अहिले विद्यालयको अभिलेखमा नदिखिएको हुँदा सजायको माग दाबीसहित आज (सोमबार) विशेष अदालत काठमाडौँमा आरोपपत्र दायर गरिएको छ ।'

ठाकुर र कुशियैतले आपसी मिलेमतो तथा योजनामा सरकारी सार्वजनिक सम्पत्ति हिनामिना, हानि–नोक्सानी तथा दुरुपयोग गरेको हुँदा निजहरूको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर भएकाले निज प्रतिवादीलाई सजायको मागसहित आरोपपत्र दायर गरिएको आयोगले जनाएको छ ।रासस

# अख्तियारबाट माधव नेपालविरुद्धको मुद्दाको फाइल मगाउन विशेष अदालतको आदेश

**काठमाडौँ** - विशेष अदालतले पतञ्जली जग्गा प्रकरणमा मुछिएका पूर्वप्रधानमन्त्री माधवकुमार नेपालविरुद्ध मुद्दा नचलाउने भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेको निर्णयको फाइल मगाउन आदेश दिएको छ ।

विशेष अदालतका सदस्य न्यायाधीश नारायणप्रसाद पौडेल र डिल्लीरत्न श्रेष्ठको संयुक्त इजलासले अख्तियारले २०६९ मंसिर २५ गते नेपालविरुद्ध मुद्दा नचलाउने निर्णय गरेको फाइल झिकाउन निर्देशन दिएको हो ।

यसैगरी, अदालतले मुद्दासँग सम्बन्धित साक्षीहरूलाई भौतिक रूपमा वा श्रव्य–दृश्य माध्यममार्फत उपस्थित गराई बकपत्र गराउन आदेश दिएको छ । आदेशअनुसार वादी पक्षका साक्षीहरू विशेष सरकारी वकीलको कार्यालयमार्फत अख्तियारबाट र प्रतिवादी पक्षका साक्षीहरू स्वयं प्रतिवादीहरूमार्फत इजलासमा उपस्थित गराइनेछ ।

अदालतको आदेशमा भनिएको छ, 'प्रस्तुत मुद्दाको विषयसँग सम्बन्धित उजुरीका हकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०६९।०८।२५ मा भएको निर्णयसहितको फाइल झिकाइयोस् र साक्षीहरूलाई भौतिक वा श्रव्य–दृश्य माध्यममार्फत उपस्थित गराई बकपत्र गराइयोस् ।'

# 'एलार्गन' औषधिको खरिद बिक्री फुकुवा

**विराटनगर ।**
नेपाल औषधि व्यवसायी सङ्घ कोशी प्रदेशले भारतीय औषधि उत्पादक कम्पनी 'एलार्गन' औषधिको खरिद तथा बिक्री वितरणमा लगाएको रोक फुकुवा गरेको छ ।

कम्पनीको नेपालका लागि आधिकारिक आयातकर्ता 'प्रिया ट्रेडिङ प्रालि' ले व्यवसायीहरूको माग सम्बोधन गर्दै लिखित प्रतिबद्धता जनाएपछि सङ्घले उक्त निर्णय गरेको हो । सङ्घका अनुसार आज आयातकर्ता कम्पनीले सङ्घको प्रचलित नियमावलीअनुसार म्याद गुज्रिएका औषधिको शतप्रतिशत सोधभर्ना दिने सहमति पत्र पठाएपछि समस्या समाधान भएको हो ।

नेपाल औषधि व्यवसायी सङ्घ कोशी प्रदेशका अध्यक्ष धनराज काफ्लेले व्यवसायीहरूको माग पूरा भएकाले अब एलार्गन कम्पनीका औषधि निर्धक्क खरिद गर्न प्रदेशभरका व्यवसायीहरूलाई आग्रह गरे ।

आँखासम्बन्धी जेल तथा ड्रपहरू उत्पादन गर्ने एलार्गन कम्पनीको आयातकर्ता प्रिया ट्रेडिङले म्याद गुज्रिएका औषधि फिर्ता लिने सन्दर्भमा सङ्घको नियमावली विपरीत ९० दिनपछि औषधि फिर्ता नलिने अडान लिएपछि विवाद उत्पन्न भएको थियो ।

नेपाल औषधि व्यवसायी सङ्घको 'सोधभर्ना तथा क्षतिपूर्ति नियमावली–२०६५ (संशोधित २०८१)' अनुसार म्याद गुज्रिएका औषधिहरू खुद्रा बिक्रेताबाट १८ महिनासम्म र थोक बिक्रेताबाट २१ महिनासम्ममा फिर्ता लिई शतप्रतिशत सोधभर्ना दिनुपर्ने व्यवस्था छ । उक्त व्यवस्था पालना नगरेको भन्दै सङ्घले आइतबारदेखि कोशी प्रदेशभर एलार्गन कम्पनीका औषधि खरिद नगर्ने निर्णय गरेको थियो ।

सङ्घको चेतावनीपछि आयातकर्ता प्रिया ट्रेडिङ प्रालिका व्यवस्थापक श्याम महर्जनले सङ्घलाई पत्र लेख्दै सङ्घको नियमावलीअनुसार नै सोधभर्ना तथा क्षतिपूर्ति प्रदान गरिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । पत्रमा सङ्घको प्रचलित नियमावली पालना गरिने स्पष्ट उल्लेख गरिएको छ ।रासस

# नेपालबाट चोरिएका एक सय ९८ पुरातात्विक सम्पदा विदेशबाट फिर्ता ल्याइयो

**काठमाडौँ ।**
पुरातत्व विभागले हालसम्म नेपालबाट चोरिएका १९८ पुरातात्विक वस्तु विदेशबाट फिर्ता ल्याइएको जनाएको छ ।

विभागले स्वदेशी तथा विदेशी सम्पदा अभियन्तासँग समन्वय गरी उक्त सम्पदा फिर्ता ल्याएको हो । युरोप, संयुक्त राज्य अमेरिकालगायतका मुलुकबाट विभिन्न संस्थाबीचको सहकार्यबाट फिर्ता ल्याइएको पुरातत्व अधिकृत सरिता सुवेदीले जानकारी दिए ।

अन्तरराष्ट्रिय कानुनअनुसार कुनै पनि मुलुकको सम्पदा विश्वका अन्य देशमा रहेमा आवश्यक कानुनी प्रक्रिया पूरा गरी सम्बन्धित मुलुकमा फिर्ता गर्नुपर्ने प्रावधान छ । सोही नियममनुसार ती सम्पदा ल्याइएका हुन् ।

विभिन्न कालखण्डमा नेपालमा निर्मित भएका काष्ठकला, प्रस्तरकला, वास्तुकला, मूर्ति, तोरणलगायत प्राचीन सम्पदा चोरी भएर विदेशमा फेला परेपछि सूचनाका आधारमा दाबी गरिने र प्रमाण पु¥याएर फिर्ता गरिने गरिन्छ । फिर्ता गरिएका कतिपय सामग्री सम्बन्धित स्थानमा विधिपूर्वक प्रतिस्थापन गरिँदै आएको छ ।

विभिन्न देशका सङ्ग्रहालय, लिलामी घर वा निजी सङ्ग्रहमा पुगेका ती सम्पदा फिर्ता गराउँदा सम्बन्धित मुलुकले ढुवानी खर्च व्यहोर्ने व्यवस्था छ । अन्तरराष्ट्रिय तहमा बसेका नेपाली समुदाय, सम्पदा क्षेत्रमा क्रियाशील सङ्घसंस्थाले पनि सहयोग गर्दै आएको विभागले जनाएको छ ।रासस

# एमाले अध्यक्षमा ओली र पोखरेलको भिडन्त पक्का

**काठमाडौँ ।**
नेकपा एमालेको जारी ११औँ महाधिवेशनमा पार्टी अध्यक्ष पदका लागि केपी शर्मा ओली र ईश्वर पोखरेलबीच प्रतिस्पर्धा हुने निश्चित भएको छ ।

सोमबार दुवैले अध्यक्ष पदका लागि आ–आफ्नो उम्मेदवारी दर्ता गराएका हुन् । वर्तमान अध्यक्ष ओलीले तेस्रो कार्यकालका लागि पुनः नेतृत्वको दाबी गर्दै उम्मेदवारी दिएका छन् । यसअघि दुई कार्यकाल अध्यक्ष रहिसकेका ओलीले विधान संशोधनमार्फत दुई कार्यकालको सीमा तथा ७० वर्षे उमेरहदसम्बन्धी व्यवस्था हटाएका थिए ।

उता, १०औँ महाधिवेशनपछि वरिष्ठ उपाध्यक्षको जिम्मेवारी सम्हाल्दै आएका ईश्वर पोखरेलले पनि अध्यक्ष पदमा उम्मेदवारी दर्ता गराइसकेका छन् । निर्वाचनका क्रममा ईश्वर पोखरेलको टीममा स्वतन्त्र उम्मेदवारी दिएका भनिएका नेताहरूलाई समेत समेटिएको छ ।

उनको टीममा उपाध्यक्षमा गोकर्ण विष्ट, परशुमेघी गुरुङ, विन्दा पाण्डे, अरुण नेपाल, रघुजी पन्त र टंक कार्कीलाई समेटिएको छ । त्यसमा एक जना बढी भएकाले पछि छलफल गरेर मिलाइने पोखरेल समूहका एक नेताले बताए ।

यस्तै उपमहासचिवमा योगेश भट्टराई, आनन्द पोखरेल र बैजनाथ चौधरीको उम्मेदवारी रहेको छ भने महासचिवमा सुरेन्द्र पाण्डेको उम्मेदवारी रहेको छ ।

यस्तै सचिवमा रचना खड्का , कर्ण थापा, गोकुल बास्कोटा , विनोद ढकाल , कृष्णगोपाल श्रेष्ठ, ठाकुर गैरे, इन्द्रलाल सापकोटा र पुरुषोत्तम पौडेलको उम्मेदवारी रहेको छ ।

# उपराष्ट्रपति यादव कतारको राष्ट्रिय दिवस स्वागत समारोहमा सहभागी

**काठमाडौँ ।**
उपराष्ट्रपति रामसहायप्रसाद यादव कतारको राष्ट्रिय दिवसका अवसरमा सोमवार साँझ यहाँ आयोजित स्वागत समारोहमा सहभागी भए ।

नेपालका लागि कतारका राजदूत मिसाल एम अल अन्सारीले आयोजना गरेको उक्त समारोहमा संवैधानिक अङ्गका प्रमुख, पूर्वमन्त्री, यहाँस्थित कूटनीतिक नियोगका प्रमुख तथा पदाधिकारी, नेपाल सरकारका उच्चपदस्थ अधिकारी, कामको सिलसिलामा यहाँ रहेका कतारी, उद्योगपति, व्यापारी तथा वरिष्ठ सञ्चारकर्मीको उपस्थिति थियो ।



समारोहमा सङ्क्षिप्त मन्तव्य व्यक्त गर्दै राजदूत अन्सारीले आधुनिक कतार र नेपालबीचको सम्बन्ध सुमधुर रहेको चर्चा गरे । उनले नेपालको स्वास्थ्य तथा जीविकोपार्जनका साथै यहाँको वातावरण संरक्षण र जलवायु परिर्वतनका असर घटाउन कतारले सहयोग गर्दै आएको बताए । कतार च्यारिटीमार्फत नेपालका १० जिल्लामा विकासका विविध कार्यक्रम सञ्चालन भएका जानकारी दिँदै राजदूत अन्सारीले ती कार्यक्रमबाट १५ लाख नेपाली लाभान्वित भएका बताए आधुनिक कतारका संस्थापक शेख जसिम बिन मोहमद अल थानीको सम्मानस्वरुप हरेक वर्ष डिसेम्बर १८ मा राष्ट्रिय दिवस मनाइन्छ । यद्यपि विश्वका विभिन्न भागमा अवस्थित कतारी राजदूतावासहरूमा भने यो दिवस स्थानीय अनुकूलताका आधारमा मनाइन्छ ।

सन् १९७८ मा बेलायतबाट कतार स्वतन्त्र भएको हो । सन् २००६ सम्म उसले सेप्टेम्बर ३ मा स्वतन्त्रता दिवस मनाउँदै आएको थियो ।रासस

# मन्त्रिपरिषद्ले गर्‍यो चार महत्त्वपूर्ण निर्णय

**काठमाडौँ**- मन्त्रिपरिषद् बैठकले सोमबार चारवटा महत्त्वपूर्ण निर्णय गरेको छ ।

सरकारका प्रवक्ता एवं सूचना तथा सञ्चारमन्त्री जगदीश खरेलका अनुसार राष्ट्रिय योजना आयोगको उपाध्यक्षमा डा. प्रकाशकुमार श्रेष्ठ नियुक्त भएका छन् । त्यस्तै, आयोगको सदस्यमा प्रा.डा. सुनीति श्रेष्ठलाई नियुक्त गर्ने निर्णय भएको छ ।

बैठकले प्रचलित कानुनमा स्पष्ट व्यवस्था भएको अवस्थाबाहेक सेवा प्रवाहका क्रममा कागजातको आधिकारिकताका लागि हुलाक टिकट टाँस्ने अभ्यास हटाउने निर्णय पनि गरेको छ ।

यसैगरी, सन् २०१६ नोभेम्बर ९ देखि निष्कासनमा परेका भारतीय रुपैयाँ २०० र ५०० दरका नोट नेपाली वा भारतीय नागरिकले प्रतिव्यक्ति भारतीय रुपैयाँ २५ हजारको सीमासम्म भारतबाट नेपाल भित्र्याउन तथा नेपालबाट भारत लैजान सक्ने व्यवस्था मिलाइएको मन्त्री खरेलले जानकारी दिए ।

मन्त्रिपरिषद् बैठकले विभिन्न राजनीतिक दल तथा सरोकारवालासँग वार्ता गर्न उच्चस्तरीय राजनीतिक संवाद समिति गठन गर्ने निर्णयसमेत गरेको छ ।

उक्त समितिको संयोजकमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हा रहेका छन् भने सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेल र प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार अजयभद्र खनाल सदस्यका रूपमा रहेका छन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन